# कास्की जिल्ला कारागारका बन्दीहरुको
# सामाजिक प्रक्रिया

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर
तह द्वितीय वर्षको समाज शास्त्र विषयको दशौँ पत्रको
आंशिक आवश्यकता पूरा गर्न तयार पारिएको

***शोधपत्र***


प्रस्तुतकर्ता

भानुभक्त पौड्याल

रोल नं.: २१०/०६४

रजिष्ट्रेशन नं.: ६-१-४८-३९०-२०००

पृथ्वी नारायण क्याम्पस, पोखरा


२०७१

# सफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता परिपूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा छात्र **भानुभक्त पौड्याल**ले **"कास्की जिल्ला कारागारका बन्दीहरुको सामाजिक प्रक्रिया सम्बन्धी एक अध्ययन"** विषयमा यो शोधपत्र तयार पार्नु भएको हो ।

कास्की जिल्ला, पोखरा उपमहानगरपालिका ७ पार्दी कास्की जिल्ला कारागार क्षेत्रमा केन्द्रित रही अध्ययन गरेर धेरै मेहेनतपूर्वक तयार पारिएको यस शोधपत्र कार्यप्रति म सन्तुष्टि छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

........................

(शिव बहादुर थापा)

उप प्राध्यापक

**शोध निर्देशक**

समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायाण क्याम्पस, पोखरा ।

**मितिः २०७१, चैत्र २०**

**०३ अप्रिल, २०१५**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्‌यालय, पृथ्वी नारायण क्याम्पस, मानविकी तथा सामाजिकशास्त्र सङ्‌काय समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत समाजशास्त्रका विद्‌यार्थी छात्र **भानुभक्त पौड्यालले** आठौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **"कास्की जिल्ला कारागारका बन्दीहरुको सामाजिक प्रक्रिया सम्बन्धी एक अध्ययन"** विषयक शोधपत्र मूल्याङ्‌कन समितिबाट स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएको स्वीकृत प्रदान गरिएको छ ।

## मूल्याङ्‌कन समिति

........................

(शिव बहादुर थापा)

उप-प्राध्यापक

**शोध निर्देशक**

........................

(डा. उमानाथ बराल)

**बाह्य परीक्षक**

........................

(शान्ति भुसाल)

उप-प्राध्यापक

**विभागीय प्रमुख**

**मिति : २०७१, चैत्र ३०**

**१३ अप्रिल, २०१५**

# कृतज्ञता ज्ञापन

कास्की जिल्ला कारागारका बन्दीहरुको सामाजिक प्रक्रिया सम्बन्धी एक अध्ययन शीर्षक रहेको यो शोधपत्र तयार पार्नका लागि विभिन्न समयमा आवश्यक सल्लाह र सुझाव दिनु हुने समाजशास्त्री, मानवशास्त्री विभाग पृथ्वीनारायण क्याम्पसका विभागीय प्रमुख, एवम् विभागप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

शोधपत्रलाई प्रारम्भिक अवस्थादेखि अन्तिम रुप दिनु अगाडिसम्म शोध निर्देशकको रुपमा प्रदान गर्नुभएको महत्त्वपूर्ण सल्लाह, सुझाव साथै निरन्तर अनुगमन गर्दै हौसला प्रदान गर्नुहुने समाजशास्त्र/मानवशास्त्र उप प्राध्यापक एवम् आदरणीय गुरु शिव बहादुर थापाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

तथ्याङ्क सङ्कलन प्रक्रियामा अत्यन्त संवेदनशील रुपमा रहेको क्षेत्र कारागारमा प्रवेश, खुल्ला छलफल, बहस र अवलोकन गर्ने वातावरण सिर्जना गराई महत्वपूर्ण सहयोग गर्नुहुने कारागारका कार्यालय प्रमुख रमेश कुमार श्रेष्ठ, सई लेखनाथ शर्मा, चौकीदार नारीराम श्रेष्ठ लगायत सम्पूर्ण कर्मचारी र प्रहरी साथीहरुप्रति धन्यवाद व्यक्त गर्दछु । यो अनुसन्धान पूर्ण रुपमा यथार्थपरक गराउनका लागि सोधिएका विविध विषयमा प्रश्नावलीप्रति आफ्ना यथार्थ परिस्थितिको नजिक रहेर उत्तर दिनुहुने सम्पूर्ण बन्दीहरुलाई पनि यस अवसरमा धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा शोधपत्रलाई अन्तिम रुप दिने बेलामा प्रेरणा दिने बाबा टङ्क प्रसाद शर्मा पौड्याल, आमा शेष कुमारी पौड्याल, श्रीमती सम्झना रेग्मी, भाइ कृष्ण प्रसाद पौड्याल, बहिनी लक्ष्मी पौड्याल धिताल, ज्वाइँ सुजन धिताल, नम्रता पौड्यालप्रति आभार एवम् कृतज्ञता व्यक्त गर्दछु । साथै कम्प्युटर टाइपिङ गरी व्यवस्थित गर्ने सम्दर्भमा योगदान पुऱ्याउनु हुने सुश्री बिबा थापाप्रति हृदयदेखि नै धन्यवाद टक्र्याउन चाहन्छु ।

मितिः वि.सं. २०७१, चैत्र

भानुभक्त पौड्याल

शोधकर्ता

पृथ्वीनारायण

# शोधसार

*प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभाग, समाजशास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आठौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो । यो शोधपत्र कारागारको बारेमा अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन खास गरी कास्की जिल्ला कारागारका बन्दीहरुको सामाजिक प्रक्रिया सम्बन्धी एक अध्ययन शीर्षक छनोट गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको शोधपत्र मुख्यतयाः तिन उद्देश्यमा केन्द्रित गरिएको छ । बन्दीहरुको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण, अपराध प्रतिको बन्दीको दृष्टिकोण विश्लेषण गर्ने र अपराध गर्नाको कारण पत्ता लगाउने छ भने बन्दी जीवन पद्धति र कारागार व्यवस्थापन सम्बन्धी अध्ययन गरी विश्लेषण गरिएको छ ।*

*बन्दीहरुको अपराधप्रतिको दृष्टिकोण र समग्र कारागार समाज बुझ्ने उद्देश्यका साथ गरिएको प्रस्तुत अनुसन्धान मानवीय संवेदनाको कोणबाट हेर्दा अत्यन्त आवश्यक महत्वपूर्ण र औचित्यपूर्ण छ । अझ हालसम्म सम्बन्धित अध्ययन, अनुसन्धान नभईरहेको अवस्थामा समय, जनशक्ति र आर्थिक अभावका कारणले सीमित गरिएको प्रस्तुत अध्ययन कास्की जिल्ला कारागारका जम्मा ५४६ बन्दीहरु मध्ये ४४ बन्दीमा आधारित रहेर यो अनुसन्धान प्रक्रिया सघन विधिलाई आधार बनाई अगाडि बढाइएको छ । प्रस्तुत अध्ययन वर्णनात्मक र अन्वेषणात्मक पद्धतिमा आधारित छ । तथ्याङ्क स्रोत मध्ये प्राथमिक स्रोतलाई बढी जोड दिइएको छ जसले गर्दा अनुसन्धान बढी यथार्थपरक र वैज्ञानिक रहोस् भनी सङ्कलनका प्राथमिक स्रोतमा लागि प्रश्नावली, अवलोकन र छलफल विधिको प्रयोग गरिएको भने द्वितीय स्रोतहरुमा प्रकाशित र अप्रकाशित लेख रचना र पुस्तकहरुमा समाविष्ट गरिएको छ ।*

*शोधपत्रका जम्मा ६ अध्याय र निम्न निष्कर्षहरु निकालिएको छः*

- *बन्दीहरुको अन्य मुद्दा भन्दा लागुऔषध मुद्दामा पर्ने बढी छन् । साथै कैदीको तुलनामा थुनुवाको सङ्ख्या बढी देखिन्छ ।*
- *बन्दीहरुको युवा अवस्थामा (३५-४४वर्ष) अपराध गर्नेहरु बढी पाइएको छ । भने बृद्ध अवस्थामा अपराध गर्ने बन्दीहरुको सङ्ख्या कम रहेको पाइएको छ ।*

- *अविवाहितको तुलनामा विवाहितको सङ्ख्या बढीरहेको पाइयो साथै अन्य कारण भन्दा साथीसङ्गतको कारण अपराध गर्ने बन्दीहरुको सङ्ख्या बढी पाइएको छ ।*
- *आर्थिक अवस्था धेरै कमजोर भए पनि आर्थिक कारणबाट हुने अपराधको सङ्ख्या भने कम रहेको पाइएको छ ।*
- *कारागारबाट दिइने सुविधाले नपुग्नेहरुमध्ये केही त्यही आयआर्जन गरेर र केही घरबाट खर्च मगाएर जीवन गुजारा गरेका छन् कोही त्यसै निर्वाह गरी दिन बिताउन बाध्य भएको पाइन्छ । परिवार, इष्टमित्रको नकारात्मक दृष्टिकोणका कारण केही बन्दीहरु घर परिवारको भेटमा वञ्चित रहेका छन् ।*
- *बन्दी र कर्मचारीबिचको सम्बन्ध राम्रो भएको पाइएको छ ।*
- *बन्दीहरुको मुख्य समस्याको रुपमा रहेको कारागारको भौतिक सुधार, खानेपानी, भवन निर्माण, शौचालय, स्नानगृह आदि रहेका छन् ।*
- *बन्दीहरु कारागारबाट छुटेपछि बन्दीले व्यवसाय र वैदेशिक रोजगारका लागि अपनाएर जीवनयापन गर्ने सङ्कल्प लिइएको पाइएको छ ।*
- *हाम्रो समुदायमा समुदायका सदस्यहरुको बन्दीहरुप्रति हेर्ने दृष्टिकोण र धारणाले गर्दा समुदायप्रति बढी मात्रामा सशंकित छन् ।*
- *प्रस्तुत विषयमा गरिएको अध्ययनको निष्कर्षलाई निम्नअनुसार संश्लेषण गरिएको छ । बन्दीहरुको ज्ञान, सिप र क्षमताको स्तर निम्न रहेको, आत्म विश्वास सुधार रहेको भावी जीवनभरि आशावादी हुन सकेको र गरिब तथा विपन्न बन्दीहरुको खाना र स्वास्थ्यको समस्या सामान्य अवस्थामा रहेको छ ।*
- *बन्दीहरुमा अपराध गराईप्रति पश्चाताप गर्नु र ती जेल जीवनबाट मुक्त भइसकेपछि परिवार तथा समाजका निम्ति सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ भन्ने विचार र भावनाको विकास भएको पाइयो ।*

# विषयसूची

| **शीर्षक** | | **पृष्ठ** |
|---|---|---|
| *सिफारिस पत्र* | | *i* |
| *स्वीकृति पत्र* | | *ii* |
| *कृतज्ञता ज्ञापन* | | *iii* |
| *विषय सूची* | | *iv* |
| *तालिका सूची* | | *vii* |
| *शोधसार* | | *ix* |
| *सङ्क्षिप्त रुप* | | *xi* |
| | | पृष्ठ नं. |
| | **अध्याय - एक** | **१-७** |
| | **अनुसन्धानको परिचय** | |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको उद्देश्य | ५ |
| १.४ | अध्ययनको महत्त्व | ६ |
| १.५ | अध्ययनको सीमा | ७ |
| १.६ | अध्ययन संरचना | ७ |
| | **अध्याय - दुई** | **८-१६** |
| | **साहित्यको पुनरावलोकन** | |
| २.१ | पूर्व साहित्यको अध्ययन | ८ |
| २.२ | सैद्धान्तिक पुनरावलोकन | १२ |
| | **अध्याय -तीन** | **१७-१८** |
| | **अनुसन्धान पद्धति** | |
| ३.१ | अध्ययन औचित्य | १७ |
| ३.२ | अनुसन्धानको ढाँचा | १७ |
| ३.३ | सघन गणना विधि | १८ |
| ३.४ | तथ्याङ्क सङ्कलनका स्रोतहरु | १८ |
| | ३.४.१ प्रश्नावली अनुसूची | १८ |
| | ३.४.२ अन्तर्वार्ता | १८ |
| | ३.४.३ अवलोकन | १८ |

| | | |
|---|---|---|
| | ३.४.४ छलफल | १८ |
| | ३.४.५ द्वितीय स्रोत | १८ |
| ३.५ | तथ्याङ्कको विश्लेषण र प्रस्ततीकरण | १९ |
| | **अध्याय : चार** | **१९-३६** |
| | **बन्दीहरूको सामाजिक र आर्थिक अवस्था** | |
| ४.१ | सामाजिक अवस्था | १९ |
| | ४.१.१ बन्दीहरूको उमेर | १९ |
| | ४.१.२ शैक्षिक अवस्था | २१ |
| | ४.१.२.१ साक्षरता | २२ |
| | ४.१.२.२ पास गरेको तह | २२ |
| | ४.१.३ वैवाहिक स्थिति | २३ |
| | ४.१.४ बन्दीहरूको विवाह गर्दाको उमेर | २४ |
| | ४.१.५ बन्दीहरूको धार्मिक स्थिति | २५ |
| | ४.१.६ बन्दीहरूको जातिगत विवरण | २६ |
| | ४.१.७ लिङ्गको आधारमा बन्दीहरूको विवरण | २७ |
| | ४.१.८ स्थानगत विविधताका आधारमा बन्दीहरूको विवरण | २८ |
| | ४.१.९ पारिवारिक किसिमका आधारमा बन्दीहरूको विवरण | २९ |
| ४.२ | बन्दीहरूको पारिवारिक आर्थिक अवस्था | २९ |
| | ४.२.१ बन्दीहरूको पारिवारिक भू-स्वामित्व | ३० |
| | ४.२.२ जमिनको अवस्थाबाट बन्दीहरूको खान पुग्ने/नपुग्ने विवरण | ३१ |
| | ४.२.३ घरकै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा | ३२ |
| | ४.२.४ मासिक औसत आम्दानीको आधारमा | ३२ |
| | ४.२.५ सवारी साधनको स्वामित्वको आधारमा | ३४ |
| | ४.२.६ पेसाको आधारमा बन्दीहरूको विवरण | ३४ |
| | ४.२.७ सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण | ३५ |
| | ४.२.८ पढ्ने विद्यालयको किसिमका आधारमा बन्दीहरूको विवरण | ३६ |
| | **अध्याय पाँच** | **३७-६०** |
| | **बन्दीहरूको जीवन पद्धति र कारागार व्यवस्थापन** | |
| ५.१ | बन्दीहरूको जीवन पद्धति | ३७ |
| | ५.१.१ कारागारमा रहनुको कारण | ३७ |

५.१.२ बन्दीहरूले कसुर गर्नाको कारण ३८
५.१.३ अदालतको निर्णयप्रति बन्दीहरूको धारणा ४०
५.१.४ बन्दीहरूले जेलमा समय बिताउने माध्यम ४०
५.१.५ बन्दी परिवार/नातेदारबिचको अन्तरक्रिया ४१
५.१.६ बन्दीहरूलाई भेटघाट गर्न नआउनुका कारणहरू ४२
५.१.७ बन्दीहरूको एकापसको व्यवहार ४३
५.१.८ कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा ४४
५.१.९ बन्दीहरूको घर परिवारमा परेको समस्या ४५
५.१.१० कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति ४६
५.१.११ बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्या ४७
५.१.१२ आफूहरूको जीवनशैली बारे बन्दीहरूको धारणा ४८
५.२ कारागार व्यवस्थापन ४९
५.२.१ बन्दी र अपराधको प्रकृति ४९
५.२.२ बन्दीको सङ्ख्या र जेलको व्यवस्था सम्बन्धी धारणा ५०
५.२.३ शौचालय र स्नानगृहप्रतिको धारणा ५१
५.२.४ कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा ५२
५.२.५ कारागारबाट प्राप्त सुविधाबारे बन्दीहरूको धारणा ५३
५.२.६ सिधा सुविधाले नपुग्नेहरूले कसरी गुजारा चलाएका छन् भन्ने धारणा ५४
५.२.७ कारागारमा बन्दीलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा ५५
५.२.८ बन्दीहरूको समस्या समाधानप्रतिको धारणा ५५
५.२.९ बन्दीहरूको स्वास्थ्यसम्बन्धी विवरण ५६
५.२.१० कारागारका कर्मचारी र बन्दीहरू बिचको सम्बन्धसम्बन्धी धारणा ५७
५.२.११ कारागारको व्यवस्थापन र समस्याबारेमा कारागारका बन्दीहरूको धारणा ५८
५.३ जानकार व्यक्तिहरूको दृष्टिमा बन्दीहरूको व्यवहार, बन्दीहरूलाई दिइने सुविधा र प्रशासनिक अवस्था ६०

**अध्याय छ** **६१-६६**
**निष्कर्ष**

६.१ अध्ययनको सारांश ६१
६.२ मुख्य प्राप्तिहरु ६४

६.३ सुझावहरु ६५

सन्दर्भ सामग्री

अनसूचीहरु

# तालिका सूची

| तालिका | | पृष्ठ |
|---|---|---|
| ४.१ | बन्दीहरुको उमेरको विवरण | २१ |
| ४.२ | बन्दीहरूको शैक्षिक स्थिति | २२ |
| ४.३ | साक्षर बन्दीहरूले पास गरेको तहको विवरण | २३ |
| ४.४ | बन्दीहरूको वैवाहिक स्थिति | २४ |
| ४.५ | बन्दीहरुको विवाह गर्दाको उमेर | २५ |
| ४.६ | बन्दीहरूको धार्मिक स्थिति | २६ |
| ४.७ | बन्दीहरूको जातिगत विवरण | २६ |
| ४.८ | लिङ्गका आधारमा बन्दीहरूको विवरण | २७ |
| ४.९ | स्थानगत आधारमा बन्दीहरूको विवरण | २८ |
| ४.१० | परिवारका किसिमको आधारमा बन्दीहरूको विवरण | २९ |
| ४.११ | बन्दीहरूको भू-स्वामित्वको विवरण | ३० |
| ४.१२ | बन्दीहरूको जमिनको अवस्था र वर्षभरि खान पुग्ने र नपुग्ने विवरण | ३१ |
| ४.१३ | घरमै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा | ३२ |
| ४.१४ | मासिक औसत आम्दानीको आधारमा बन्दीहरूको विवरण | ३३ |
| ४.१५ | सवारी साधनको स्वामित्वको आधारमा बन्दीहरूको विवरण | ३४ |
| ४.१६ | पेसाको आधारमा बन्दीहरूको विवरण | ३५ |
| ४.१७ | सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण | ३५ |
| ४.१८ | सन्तान पढ्ने विद्यालयको किसिम | ३६ |
| ५.१ | बन्दीहरूको प्रकारको विवरण | ३८ |
| ५.२ | बन्दीहरूले कसुर गर्नाको कारण | ३९ |
| ५.३ | अदालतको निर्णयप्रति बन्दीहरूका धारणा | ४० |

| | | |
|---|---|---|
| ५.४ | बन्दीहरूले जेलमा समय बिताउने माध्यम | ४१ |
| ५.५ | बन्दीहरूको परिवार/नातेदारहरू बिचको धारणा | ४१ |
| ५.६ | भेट गर्न नआउनुका कारण सम्बन्धी विवरण | ४२ |
| ५.७ | बन्दीहरूको एकापसको व्यवहार | ४३ |
| ५.८ | कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा | ४४ |
| ५.९ | बन्दीहरूको घर परिवारमा परेको समस्याको विवरण | ४५ |
| ५.१० | कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति | ४६ |
| ५.११ | बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्याहरू | ४७ |
| ५.१२ | आफूहरूको जीवनशैलीको बारेमा बन्दीहरूको धारणा | ४९ |
| ५.१३ | बन्दी र अपराधको प्रकृति | ५० |
| ५.१४ | बन्दीको सङ्ख्या र जेलको अवस्था सम्बन्धी विवरण | ५१ |
| ५.१५ | कारागारमा शौचालय र स्नानगृहप्रति बन्दीहरूको धारणा | ५१ |
| ५.१६ | कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा | ५२ |
| ५.१७ | कारागारबाट प्राप्त सुविधासम्बन्धी बन्दीहरूको धारणा | ५३ |
| ५.१८ | सिधा पैसासम्बन्धी बन्दीहरूको धारणा | ५४ |
| ५.१९ | कारागारमा बन्दीहरूलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा | ५५ |
| ५.२० | समस्या समाधान गर्ने तरिकासम्बन्धी विवरण | ५६ |
| ५.२१ | बन्दीहरू बिरामी पर्दा प्रशासनसम्बन्धी उनीहरूको धारणा | ५७ |
| ५.२२ | कारागारका कर्मचारी र बन्दीहरू बिचको सम्बन्ध सम्बन्धी धारणा | ५८ |
| ५.२३ | कारागार व्यवस्थापन र समस्याबारेमा बन्दीहरूको धारणा | ५९ |

# सङ्क्षिप्त रुप

| | | |
|---|---|---|
| नं. | - | नम्बर |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्‍यालय |
| रु. | - | रुपैयाँ |
| प्रा. | - | प्राध्यापक |
| मा.वि. | - | माध्यमिक विद्‍यालय |
| वि.सं. | - | विक्रम सम्वत |
| त्रि.वि.वि. | - | त्रिभुवन विश्व विद्‍यालय |

# अध्याय - एक
# अनुसन्धानको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव समाजको विकासका विभिन्न चरणहरुमध्ये सिकारी तथा कन्दमूल सङ्कलन गर्ने, पशुपालन गर्ने चरणसम्म अपराध सम्बन्धी कुनै गुन्जायस थिएन भन्न सकिन्छ । जब कृषि समाजको सुरुवात भयो, तब अर्थव्यवस्थाको पनि सुरुवात भयो जसको रक्षाको निम्ति विभिन्न मूल्य मान्यता नियमहरुको विकास भयो । सोको उल्लङ्घनको लागि अपराध मानिन थाल्यो । अपराध सार्वभौमिक प्रक्रिया हो । अपराध मानिसले गर्छ, गल्ती गर्नु मानिसको स्वभाव हो आश्चर्य मान्नु जरुरी छैन । त्यसैले अपराध सम्बन्धी ठोस परिभाषा नभएता पनि विभिन्न विद्वान्हरुले दिएको विचारलाई आधार मानी उपायको धारणा राख्न सकिन्छ ।

ब्ल्याक स्टोन, “सार्वजनिक कानूनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो ।”

लेडिल्स “अपराध त्यस कार्यलाई भनिन्छ जुन कार्यलाई राज्यले जनताको कल्याणको निम्ति हानिकारक घोषित गरी त्यो कार्य गरेमा दण्ड दिने व्यवस्था हुन्छ ।”

निष्कर्षमा भन्न सकिन्छ कि अपराध समाजद्वारा तिरस्कृत एवम् बहिस्कृत गरिएका त्यस्ता कार्यहरु हुन जसलाई राज्यले कानूनी माध्यमद्वारा निषेध गरेको हुन्छ र जसको उल्लङ्घन गरेमा उल्लङ्घनकर्ताले सजायको भागीदार बन्नुपर्दछ । अपराध नियन्त्रण गर्नु राज्यको कार्य हो आफ्नो राज्यको भौगोलिक सिमानाभित्र हुने अपराधलाई नियन्त्रण गर्ने र अपराधीलाई दण्ड दिने काम राज्यहरुले स्थापना कालदेखि नै गर्दै आएका छन् । नेपालको प्राचिन शासन विधि धर्मद्वारा निर्देशित थियो । जसमा नारद स्मृति, मनु स्मृति र कौटिल्यको अर्थशास्त्रबाट गरेको पाइन्छ । त्यसैले प्राचिन नेपालमा अपराधीलाई दण्ड दिनका लागि धर्मको आड लिइन्थ्यो । समाजलाई धर्मको आधारमा विभिन्न वर्ग र जातमा वर्गिकरण गरिएको थियो । पाप र धर्मका आधारमा अपराधीलाई कठोर शारीरिक दण्ड दिइन्थ्यो भने उच्च जातका

मानिसले गरेका सामान्य खालका अपराधहरुमा चाहि प्रायश्चित गराउने र जरिवाना गर्ने चलन थियो ।

गम्भीर अपराधमा संलग्न भएका अपराधीहरुलाई दण्ड दिदा प्रायजसो मृत्युदण्ड दिइन्थ्यो । मृत्युदण्ड दिदा अपराधीलाई पेटमा सुइरोले रोपेर, घाटीमा धारिलो हतियारले रोपेर, घाटीमा झुन्ड्याइएर दिइन्थ्यो । मृत्युदण्ड बाहेकको कठोर शारीरिक दण्ड दिने हात, हातका औला, खुट्टा तथा शरीरका अरु संवेदनशील अङ्गहरु जस्ता डरलाग्दा विधिहरु अपनाइन्थ्यो । ठूलाठूला पदमा बसेका मानिसले जस्तोसुकै गम्भीर अपराध गरेता पनि तिनीहरुलाई शारीरिक दण्ड दिनुको सट्टा थुन्ने चलन थियो । थुन्ने ठाउँ कहाँ र कस्तो अवस्थाको थियो भन्ने कतै उल्लेख गरेको पाइदैन तैपनि त्यस्ता मानिसहरुलाई कठोर निगरानी र बन्धनमा राखिन्थ्यो भन्ने कुरा इतिहासमा पाइन्छ (गुरागाई, २०५४) ।

नेपालमा कारागारहरु कहिले देखि बन्न थाले ? कारागारको ऐतिहासिक स्वरुप र संरचना कस्तो थियो ? नेपालमा सबैभन्दा पहिले बनेको कारागार कुन हो ? सबैभन्दा पहिले नेपालको कुन ठाउँमा कारागार बनेको थियो र कुन राजाको पालामा बनेको हो ? यी यस्ता अनुत्तरित प्रश्नहरु हुन्, जसको जवाफ नेपालका इतिहासका पानाहरुमा भेट्टाउन सकिदैन । त्यसैले, नेपाल राज्यको उत्पतिसँगै कारागारहरु पनि बन्न थालेका हुनुपर्दछ भन्ने अनुमान मै इतिहासकारले पनि चित्त बुझाएका छन् ।

काठमाडौँको जीर्ण र भग्न अवस्थामा रहेको केन्द्रीय कारागारलाई नै नेपालको पहिलो कारागार भन्ने गरिएको छ, तर यस कारागारलाई नेपालकै पहिलो कारागार भनेर मान्नका लागि पर्याप्त आधारहरु छैनन् । वि.सं. १९५१ सालमा बनेको यो कारागार ने पहिलो कारागार मानिन्छ तर यस अगाडि पनि मानिसलाई थुनिएको तथ्य भेटिन्छ । वि.सं. १९१० सालमा श्री ५ सुरेन्द्रकै पालामा मुलुकी ऐन तर्जुमा हुँदा तत्कालिन प्रधानमन्त्री जङ्गबहादुर राणाले स्वयं आफ्नै भाइलाई थुन्नका लागि भारतको बेतिया जेलमा पठाएका थिए । आदिकवि भानुभक्त आचार्यलाई बसन्तपुरको कुमारी चोकमा थुनिएको थियो (खनाल : २०३३) ।

यसरी नै बेग्लै अस्तित्व भएको कारागार निर्माण भएको सुरुवात वि.सं. १९७१ मा भएको देखिन्छ । जुन पहिला सदर जेल र हाल केन्द्रिय कारागारको रुपमा रहेको छ । वि.सं. २००७

सालअघि कारागार मुख्तियार मातहत हुन्थ्यो र २००७ सालपछि कारागारको प्रशासन गृह मन्त्रालय अन्तर्गत रहेको पाइन्छ । नेपालमा हाल प्रयोगमा रहेका धेरैजसो कारागारहरु या त राणाशासनकाला या त पञ्चायती शासनकालमा बनेका देखिनछन् । उल्लेखयोग्य कुरा के छ भने नेपालमा जति कारागारहरु बने ती सबै निरङ्कुश शासन व्यवस्था भएको अवधिमा बने । त्यसैले नेपालका कारागारहरुलाई निरङ्कुश शासन प्रणालीको उपज मान्न सकिन्छ ।

पञ्चायती शासनको जग सुदृढसँगै वि.सं. २०२५/२६ सालदेखि हरेक सदरमुकाम कारागारहरु बन्न थाले । पञ्चायती शासनकालको पछिल्लो दशक नेपालमा कारागार निर्माणको दृष्टिले महत्त्वपूर्ण रहि आएको छ ।

वि.सं. २०४६ सालमा प्रजातान्त्रिक शासन प्रणाली स्थापना गर्ने उद्देश्यले भएको जनआन्दोलन सफल भयो । त्यसपछि कारागारलाई झण्डै झण्डै डेराजस्तै प्रयोग गरी हुर्केका नेताहरु शासनसत्ताको बागडोर सम्हाल्न पुगे । देशमा प्रजातन्त्रको पुनर्स्थापना र अन्तरिम सरकारको गठनसँगसँगै कारागार सुधार गर्ने प्रयास स्वरुप सर्वप्रथ मबद्रराम भण्डारीको अध्यक्षतामा ‘कारागार सुधार समिति २०४७’ गठन गरियो । यसले ‘अनुशासन र दण्ड’ नामक एक प्रतिवेदन तयार गरी २०४७ साल माघ १९ गते गृहमन्त्रालयमा बुझायो जसले महत्वकांक्षी र खर्चालु सुझावहरु प्रस्तुत गरेको थियो (भण्डारी, २०४७) ।

नेपाल अधिराज्यको संविधान २०४७ लागु भएपछि कारागारका ढोकाहरुसम्म पुग्नु मानव अधिकारवादी कार्यकर्तालाई निकै सजिलो भयो । कारागारको दयनीय अवस्थाप्रति नीति निर्माता, योजनाविद् तथा कानूनविद्हरुको ध्यान आकर्षण गराउने उद्देश्यले थुप्रे छलफल, प्रचारप्रसार, समाचार, लेखहरु छाप्ने प्रयासहरु भए ।

नेपालको सबै जिल्लाहरुमा कारागार छैनन् । नेपालका ७५ जिल्लाहरुमध्ये ७१ जिल्लामा ७३ वटा कारागारहरु रहेका छन् । ती ७३ कारागारमध्ये ४१ वटा कारागारहरु २०२९ सालअगाडि र विभिन्न समयमा विभिन्न प्रयोजनको लागि निर्माण भएका छन् भने ३२वटा जेलहरु जेलकै प्रयोजनका लागि निर्माण भएका छन् (इन्सेक वर्ष पुस्तक २०११) ।

## १.२ समस्याको कथन

अर्कोतर्फ सार्वजनिक कानूनले नगर्नु भनेको कार्य गर्नु र गर्नु भनेको कायृ नगर्नु नै अपराध हो । अपराधले व्यक्ति र समाजलाई हानी पुऱ्याउँछ, जसलाई नियन्त्रण गर्नको निमित्त कानूनको व्यवस्था गरिएको हुन्छ । जसले नियम कानुनको उल्लङ्घन गर्दछ, त्यसलाई दण्ड गरिन्छ । यसरी नियम कानूनको उल्लङ्घन गर्ने व्यक्ति होस् या व्यक्तिहरुको समूह, संघ संस्था त्यस्तालाई कानूनले तोके बमोजिम दण्ड दिने कार्य राज्यको हुन्छ । राज्यमा शान्ति सुरक्षा कायम राखि प्रत्येक व्यक्तिलाई सुरक्षित जीवन बितउन दिनु कानूनी राज्यको अवधारणा भित्र पर्दछ । त्यसको निमित्त कानूनी तर्जुमा सारभूत कानून अन्तर्गत गरिएको हुन्छ र त्यसले निर्णय गरेको दण्ड सजायलाई कार्यविधि कानून अनुसार कार्यान्वयन गरिन्छ । उक्त कार्य न्यायपालिका मार्फत गरिन्छ, जसको निमित्त कारागार अत्यावश्यक मानिन्छ । हाम्रो देशको कारागारमा बन्दीहरु तिन (३) प्रकारको रहने गरेको पाइन्छ । ती हुन् मुद्दाको तहकिकात वा पूर्पक्षको निमित्त कारागारमा राखी मुद्दाको कारबाही गर्ने आदेश भएमा, कानुनले तोके बमोजिमको जरिवाना वा धरौटी बुझाउन नसकेमा र अदालतबा मुद्दा फैसला भई कैदको सँजाय भएमा ।

सामाजिक नियन्त्रणको औपचारिक माध्यम अपनाई विभिन्न अपराधरुपी प्रवृत्तिहरुलाई नियन्त्रण र निषेध गर्दै व्यक्तिको सकारात्मक रुपान्तरणका निम्ति स्थापना गरिएका कारागारले वर्तमानसम्म आइपुग्दा पनि त्यसको वास्तविक मर्मलाई पक्रन सकेको देखिँदैन । गरिवी, अस्थिरता र अराजकता आदि विविध कारणबाट विभिन्न अपराधमा संलग्न व्यक्तिहरुको व्यवहार प्रवृत्ति र क्रियाकलाप बदल्नका निम्ति आवश्यक पर्ने भौतिक तथा सामाजिक, साँस्कृतिक वातावरण जुन ढङ्गले कारागार क्षेत्रमा हुनुपर्ने हो सो भएको देखिँदैन । त्यसको परिणति बन्दीहरुको जीवन पद्धति दयनीय र नरकीय देखिन्छ । ठाउँको अभावले निदाउन नपाउँदा सम्भव भएसम्म अश्लील फिल्महरु हेरेर, अपराधीरुपी अनुभवहरु साटासाट गरेर वा भनौं समग्रतामा नकरात्मक प्रभाव पर्ने विषयवस्तुहरुमा रात बिताउनु पर्ने बन्दीहरुको दिनचर्चा बनेको छ । पानीको समस्याले बेला बेलामा आन्दोलन गर्नुपर्ने बाध्यता देखा पर्दछ । सीपमूलक तालिमको व्यवस्था छैन । बन्दीहरु उत्पादनमूलक कामको अभावमा भविष्यप्रति निरास हुँदै झन् ठूलो अपराधका निम्ति तानावाना बुनिरहेका जीवन

पद्धति परिवर्तन र सुधार ल्याउन वर्तमान सम्मका नीति तथा कार्यक्रमहरु असफल देखिन्छन् ।

समाज सामाजिक अन्तरक्रियाद्वारा निर्माण भएको सम्बन्धित जालो हो । यस जालो विभिन्न नियम कानुन, विधि विधानको संरचना वा निर्माण हुन्छ जुन व्यवस्थित हुन्छ । सामान्य तथा सामाजिक मूल्य र मान्यता भन्दा बाहिर गएर गर्ने क्रियाकलाप समाजशास्त्रीको बुझाइमा अपराध हो । कारागारभित्र आन्तरिक प्रशासन सञ्चालन गर्न, शान्ति सुव्यवस्था कायम गर्न, बन्दीहरुलाई अनुशासित, मर्यादित राखी कारागार भित्रको वातावरण शान्त, स्वच्छ र सफा राखी कारागार सञ्चालन गर्नका लागि कारागार प्रमुखले प्रत्येक कारागारमा असल चालचलन भएका चौकिदार, नाइके, भाइनाइके आदि नियुक्ति गरी कार्य सम्पादन गराउने व्यवस्था छ । तापनि कारागारभित्रको वातावरण शान्त, स्वच्छ, सफा र अनुशासित बनेको पाइँदैन ।

यस अध्ययनले यस कारागारमा रहेका बन्दीहरुको अवस्थालाई बाहिर ल्याउनेछ । कारागारलाई सुधार गृहको रुपमा अगाडि बढाउनका लागि कारागारको र बन्दीहरुको अवस्थाको अध्ययन गर्नुपर्ने र नयाँ तथ्य बाहिर ल्याउनुपर्ने आवश्यकता बढ्दै गइरहेको छ । कारगार भित्र बन्दी जीवन बिताइरहेका बन्दीहरु, विभिन्न प्रकृतिका अपराधमा संलग्न बन्दीहरु तिनीहरुको धारणा, अपराध गर्नुको कारण, वर्तमान अवस्था, तिनीहरुको रुपान्तरण हुने चाहना जस्ता सन्दर्भमा विभिन्न प्रश्नहरु उठ्ने गर्छन् । यस अर्थमा कारागारहरुमा रहेका बन्दीहरुको उपर्युक्त प्रश्नहरुको उत्तर प्राप्त गर्ने समस्याको मूल मर्म रहेको छ । बन्दीहरुको सामाजिक आर्थिक अवस्था साथै विविध प्रकृतिका अपरधप्रति उनीहरुको धारण र प्रश्नहरुको उत्तरको समेत चित्रण गर्नु यसको मूल स्थान हो ।

## १.३ अध्ययनको उद्देश्य

बन्दीहरुको अवस्था, तिनीहरुको जीवनपद्धति र मुख्य गरी कारागारको समाज बुझ्नु नै यसको सामान्य उद्देश्य हो तापनि यस अध्ययनको विशिष्ट उद्देश्य निम्न बमोजिम रहेका छन् ।

क) बन्दीको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गर्ने,

ख) अपराध प्रतिको बन्दीको दृष्टिकोण विश्लेषण गर्ने,

ग) अपराध गर्नाको कारण पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्त्व

कारागार सामाजिक नियन्त्रणको एउटा महत्त्वपूर्ण उपाय र माध्यम हो र कुनै पनि अपराधिक काम गर्ने व्यक्तिलाई कानुनबमोजिम सजायको व्यवस्था अनुरुप कारागारको व्यवस्था गरिएको हो । कारगारका बन्दीहरुको अवस्थाको बारेमा गरिने यस अध्ययनको बृहत महत्त्व रहेको छ । विशेष गरी मानव र मानवतासँग सम्बन्धित रहेर हेर्ने हो भने अझ यसको बढी महत्त्व रहेको छ । मानवतावादी पृष्ठभूमिबाट हेर्दा कारागारमा रहेका व्यक्तिहरुलाई गरिने व्यवहार कस्तो हुनुपर्दछ  भन्ने कुराको सन्देश पनि यस अध्ययनले दिन सक्छ ।

मानव अधिकारका क्षेत्रका काम गर्ने संघ संस्था र मानवतावादी चिन्तकहरुका लागि अझ यो अध्ययनले विशेष महत्त्व राख्दछ । कारागारको अवस्था र बन्दीहरुको जीवन पद्धति सम्बन्धी विभिन्न अध्ययनहरु भए तापनि ती केवल औपचारिकता मात्र बढी केन्द्रित देखिन्छन् र व्यवहारमा सुधार हुनुपर्दछ  र कारागारलाई सुधार गृहको रुपमा विकास गरिनुपर्दछ भन्ने मान्यताको अनुरुप विकास हुन नसकेको वर्तमान परिप्रेक्ष्यमा यस अध्ययनले कारागारमा सुधार गर्न चाहने सरकार, गैर सरकारी संस्था र व्यक्तिहरुका साथै यस भन्दापछि जेल सम्बन्धी अध्ययन गर्न चाहने सामाजिक खोजकर्ताहरुको लागि महत्त्वपूर्ण अध्ययन सामग्री हुनेछ ।

सामान्य रुपमा जेल जीवन, त्यहाँको वस्तुस्थिति बुझ्नु सामान्य मानिसहरुको नजर र बुझाईभन्दा टाढाको विषयवस्तु हो । अझ बाहिरका विषयवस्तुहरु समाज, राज्यलाई बजार र अर्थव्यवस्था तथा उन्नत प्रविधिसँग सम्बन्धित विषय र त्यसको समाजसँगको सम्बन्धलाई बुझ्न सके जस्तो गरी जेलको अवस्थालाई बुझ सबैको लागि सजिलो विषय होइन । एक हिसाबले भन्दा सामान्य मानिसका लागि यो पहुँचभन्दा पनि बाहिरको विषय हो । त्यसैले यस अध्ययनले त्यहाँसम्म पनि प्रभाव र महत्त्व राख्ने छ भन्न सकिन्छ ।

कारागारको न्यूनतम अवस्था कहाँसम्म हुनुपर्ने हो र अझ सुधारका सम्भावना के छन् र के हुनुपर्दछ भन्ने बारेमा पनि यस अध्ययनले केही कुरा प्रष्ट पार्न सक्नेछ । यस कारागारको अध्ययनमा कुनै विदेशी वा स्वदेशी अनुसन्धानकर्ता कसैको चासो नदेखाएको कारणले गर्दा यस अध्ययनको महत्त्व बढ्दो छ ।

## १.५ अध्ययनको सीमा

सबै विषयहरुको आ-आफ्नै सीमाहरु हुन्छन् । त्यसै गरी यस विषयको पनि आफ्नै सीमाहरु रहेका छन् । समय, आर्थिक स्थिति र जनशक्तिको सिमितताले यो निश्चित सिमाभित्र बाँधिएको छ । यसबाट प्राप्त भएको जानकारी कास्की जिल्लाको लागि उपयुक्त भएतापनि पनि अन्य जिल्लामा लागू नहुन पनि सक्छ । यस अध्ययनबाट प्राप्त कुरालाई नेपाल अधिराज्यभर सामान्यीकरण गर्न मिल्दैन । अर्को तर्फ यस अध्ययनले कारागारका सम्पूर्ण बन्दीहरुलाई समग्र अध्ययन गरेको छैन उद्देश्यलाई केन्द्रमा राखी समस्याको कथनले उब्जाएको प्रश्नहरुको जवाफ मात्रा खोज्ने यसको सिमा रहेको छ ।

## १.६ अध्ययन संरचना

यस अनुसन्धानलाई अध्ययन गरी जम्मा ६ अध्यायमा विभाजित गरिएको छ । जसलाई तल वर्णन गरिएको छ :

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको सिमा र अध्ययनको संरचना राखिएको छ ।

अध्याय दुईमा पूर्व साहित्यको अध्ययन, अपराध सिद्धान्त र सैद्धान्तिक पुनरावलोकन समेटिएको छ ।

अध्याय तीनमा अध्ययन औचित्य, अनुसन्धानको ढाँचा, सघन गणना विधि, तथ्याङ्क सङ्कलनका स्रोतहरु र तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण समेटिएको छ ।

अध्याय चारमा बन्दीहरुको समाजिक र पारिवारिक आर्थिक अवस्थाबारे चर्चा गरिएको छ ।

अध्याय पाँचमा बन्दीहरुको जीवन पद्धति, कारागार व्यवस्थापन सम्बन्धी चर्चा परिचर्चा गरिएको छ ।

अध्याय छ मा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समेटिएको छ ।

# अध्याय - दुई
# साहित्यको पुनरावलोकन

## २.१ पूर्व साहित्यको अध्ययन

मानव समाज विकासको शिकारी तथा कन्दमूल सङ्कलन र पशुपालन समाजको विकाससम्म कुनै गुञ्जायस नभएको अपराधसम्बन्धी अवधारणा कृषि समाजको विकाससँगै आरम्भ भएको अर्थव्यवस्थाको रक्षाको लागि विकसित विभिन्न मूल्य मान्यता, नियमको प्रार्दुभावसँगै विकसित भयो । समाजद्धारा निर्धारित मूल्यमान्यता र नियमको उल्लङ्घन गर्नुलाई अपराध उल्लङ्घन मानिन थालियो । अपराध सम्बन्ध विगतदेखि वर्तमानसम्म सरल एवम् वैज्ञानिक परिभाषाको अभाव खट्किदै आएको छ । तथापि केही विद्वानहरुको परिभाषा निम्नानुसार प्रस्तुत गरिने छ ।

सलियत तथा मेरिल 'अपराध समाजविरोधी व्यवहारलाई भनिन्छ जसलाई जनसमूहले त्यागेको वा दण्डनीय गरेको हुन्छ ।' लेडिस  'अपराध त्यो कार्यलाई मानिन्छ जुन कार्यलाई राज्यले जनताले कल्याणको निम्ति हानिकारक घोषित गरी त्यो कार्य गरेमा दण्ड दिने यवस्था गरेको हुन्छ ।' ब्ल्याक स्टोन, 'सार्वजनिक कानुनले नगर्ने भनेको कार्य गर्नु र गर्नु भनेको कार्य नगर्नु नै अपराध हो ।' यस खण्डमा अपराधसँग सम्बन्धित विभिन्न विदेशी विद्वानहरुका भनाइहरु उल्लेख गरिएको छ :

प्भललथ को भनाइ अनुसार अपराध यस्तो गल्ती हो जसको परिणाम दण्ड हुन्छ र कुनै व्यक्तिबाट माफी गर्न सकिदैन र माफी गर्ने किसिमको भएमा राजाबाट मात्र माफी गर्न सक्छ (Kenny, 1966)

त्यस्तै Parsons ले अमेरिकन एकल परिवारको संरचना र प्रक्रियाको आधारमा महिला भन्दा पुरुष वर्गमा अपराधीको संख्या बढी हुन्छ भन्ने लेखाजोखा गरेका छन् । उनका भनाइ अनुसार पुरुषहरुले पेशागत रुपमा महिलाहरुलाई थिचोमिचो गर्छन् , जसले गर्दा उनीहरुले

आफ्नो स्थिति प्राप्त गर्दछन् । महिलाहरु परिवारमा बस्दछन् जसले गर्दा उनीहरुको स्थिति परिवार, लोग्ने र बाबुको आयम निर्भर गर्दछ ।

Lombroso ले व्यक्तिको शारीरिक र मनोवैज्ञानिक विशेषताहरुको आधारमा अपराध वर्गीकरण गरे तर उनले सामाजिक संरचनात्मक शक्तिहरुलाई मान्यता दिएनन् ।

Emile Drkheim का अनुसार अपराध सहरीकरणको मात्र नतिजा होइन, बरु केही उद्देश्यहरु प्राप्त गर्ने सन्दर्भमा चिन्ताको कारणले हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

Greenbarg का अनुसार युवा अवस्थामा अपराध चरम अवस्थामा हुने गर्दछ र त्यस पछाडिको उमेर क्रमश : घट्दै जान्छ भनेर उमेर समूह अनुरुप अपराधको भिन्नता आउने कुराको उल्लेख गरेका छन् ।

## २.१.१ अपराध सिद्धान्त

अपराध प्रकृति र कारणका सन्दर्भका विभिन्न समाजशास्त्री तथा अपराधशास्त्रीले धैरै सिद्धान्तको प्रतिपादन गरिएका सिद्धान्तहरुमध्ये केही तल प्रस्तुत गरिएको छ ।

### क) ईच्छाको सिद्धान्त

W.i Thomas 1967, द्वारा प्रतिपादित यस सिद्धान्तले ग्रहणशिलता, मान्यता, सुरक्षा र नयाँ अनुभाव जस्ता ४ वटा इच्छाहरुको कारणले अपराध हुने गर्दछ, भनेका छन् ।

### ख) निराश र आक्रोशको सिद्धान्त

Fired & dollard 91939) ले निराशा र आक्रोश सिद्धान्त प्रतिपादन गरे । जस अनुसार निराशाले मान्छेलाई आक्रमक बनाउँछ भने आक्रमक्ताले निराशा उत्पन्न गर्दछ । निराशाको लागि तल्लो स्तरको आर्थिक सामाजिक स्थिति नै महत्त्वपूर्ण तत्त्व हो ।

### ग) विभेदक साहचर्यको सिद्धान्त

Sutherland (1996) द्वारा प्रतिपादित यस सिद्धान्त अनुसार कुनै पनि व्यक्तिले अर्को व्यक्तिसँग कस्तो अन्तर्क्रिया गर्दछ । त्यस्तो प्रतिक्रियाको आधारमा अपराधिक व्यवहार ज्ञात गर्न सकिन्छ । प्राथमिक समूह र जोड समूह ज्ञात प्रक्रियाबाट प्रभावित हुन्छन् ।

**घ) भूमिकाको सिद्धान्त**

Heidensons 1968, Hoffeman, Bustomonte 1973 and Klein 1973 हरुले यस सिद्धान्तको प्रतिपादत गरेका छन् जस अनुसार पुरुष र महिलाहरुमा अपराधिक गतिविधिको भिन्नताको दरको व्याख्या गरेका छन् ।

**ङ) अभावको सिद्धान्त**

Feirbend 1972, द्वारा प्रतिपादित यस सिद्धान्त अनुसार अपराध निराशले हुने गर्दछ । जसले व्यक्तिहरुलाई अपराध गर्न सहयोग गर्दछ ।

समान्यतया : अपराधमा दुई पक्ष हुनुपर्दछ ।

१. कानुनले कुनै कार्यलाई सामाजिक रुपमा हानिकारक भनी उल्लेख गर्नुपर्दछ ।

२. त्यस्तो कार्यवापत सँजायको व्यवस्था हुनुपर्दछ ।

निष्कर्षमा भन्न सकिन्छ कि अपराध समाजद्वारा तिरस्कृत एवम् बहिस्कृत गरिएका त्यस्ता कार्यहरु हुन् जसलाई राज्यले कानुनी माध्यमद्वारा निषेध गरेको हुन्छ र जसको उल्लङ्घन गरेमा उल्लघङ्नकर्ताले सजायको भागीदार बन्नुपर्दछ । अपराधका धेरै प्रकारहरुमध्ये यहाँ केहीँ महत्त्वपूर्ण अपराधका प्रकारको सामान्य परिचय प्रस्तुत गरिने छ :

**क) सम्पत्ति सम्बन्धी अपराध : डाँकाचोरी**

प्रचलित मुलुकी ऐनअनुसार चोरीका निम्न प्रकारहरु छन् :

१. साधारण २. नकवजनी ३. जर्बजस्ती ४. रहजनी ५.डाँकाचोरी

**ख) ज्यान सम्बन्धी अपराध : कर्तव्य ज्यान**

अर्काको कर्तव्यमा परि गरेमा अर्थात अरुले मनसायपूर्वक लापरबाहिपूर्वक आवेशबाट प्रेरित भई वा हेलचक्र्यापूर्वक केही गर्दा मर्न गएमा त्यसलाई कर्तव्य सम्बन्धी अपराध गरेको मानिन्छ । यसका तीन अवस्थाहरु निम्न छन् :

१. मानिसले मानिसलाई,

२. कुनै प्रकारले केही गर्दा

३. मर्न गएमा वा मर्न पुगेमा (प्रधानाङ्ग: २०५०)

### ग) लागूऔषध

लागूऔषध भनेको कुनै पनि किसिमको रसायनिक पदार्थ हो जुन स्वास्थ्य शरीरका लागि प्रयोग गर्नु आवश्यक छैन  र यसको प्रयोगले शारीरिक कार्य तथा वनावटमा नै परिवर्तन ल्याउन सक्छ । सबै खालका लागू पदार्थहरुमा व्यसन पैदा गर्ने र शरीरलाई नराम्रो हानी पुऱ्याउने तत्वहरु हुन्छन् । यसको असर सबैभन्दा पहिले मानिसको केन्द्रीय स्नायु प्रणालीमा पर्दछ भने अन्य अङ्गहरु जस्तै आमाशय, मृगौला, कलेजो, फोक्सो, मुटु, मांशपेशी आदिको कामलाई पनि प्रभाव पार्दै जान्छ (विश्व स्वास्थ्य संगठन) ।

समग्रमा हेर्ने हो भने नेपालका कारागारहरु अत्यनत जीर्ण, फोहोर, साँघुरा र अस्वस्थकर छन् । देशमा प्रजातन्त्र आएको लामो समय बितिसक्दा पनि जेलभित्र प्रजातन्त्रको उज्यालो घाम पस्न सकेको छैन । विगतमा मात्र होइन, अहिले पनि जेल भन्नासाथ सबैको मनमा चिसो पस्छ । सामाजिक अपराधलाई नियन्त्रण गर्नु राज्यको दायित्व हो । राज्य सञ्चालन क्रियाका लागि, देशमा शान्ति सुरक्षा कायम राख्न र अपराध नियन्त्रण गर्न जेलको आवश्यकता महसुस गरिएको हो र अहिले आएर जेललाई सुधार गृहको रुपमा परिभाषित गर्न थालिएको छ (प्याकुरेल : २०५४) ।

नेपालका कारागारमा कम्तीमा १२ वर्षका नाबालकदेखि ८० वर्षभन्दा माथिका वृद्ध वृद्धा समेत थुनिएका छन् । बन्दी महिलासँग नेपालका कारागारहरुमा दर्जनौं बालबालिका पनि थुनिएका छन् । आमासँगै कारागारमा थुनिएका वेकसुर बालबालिकाहरुलाई स्वभाविक माया, ममता, शिक्षा, दीक्षा र राम्रो लालनपालनबाट बञ्चित छन् । चौबिसे घण्टा कारागार भित्र बन्दी झै दिन बिताउन बाध्य छन् ।

नेपालका कारागारहरुको सञ्चालन र व्यवस्थापन गर्ने कानुन (कारागार ऐन) बन्दीहरुसँग सम्बन्धित प्रावधान लागू गराउन कम्मर कसेर लागेको पाइन्छ तर यो ऐनले निर्देशित गरेको कारागारको सुव्यवस्था र बन्दीको सुविधा सम्बन्धी प्रावधानलाई कारागार प्रशासनले सधैंभरि उपेक्षा गर्दै आएको छ ।

नेपालका कारागारमा थुनिएका बन्दीहरु गरिब पारिवारिक पृष्ठभूमिका रहेका छन् । प्राय : सबै कारागारमा बन्दीहरुका स्वास्थ्य सम्बन्धी अनेक खालका समस्याहरु छन् । कारागार ऐनले बन्दीको स्वास्थ्य प्रचार सम्बन्धी स्पष्ट व्यवस्था गरेको भएपनि बन्दीहरुको राम्रो

स्वास्थ्य प्रचार गरेको पाइँदैन । कारागार ऐनले 'मानसिक शारीरिक विरामी परेका' बन्दीहरुलाई सरकारी चिकित्सकहरुबाट जाँच गराउनुपर्ने, गम्भिर बिरामी भए अस्पतालमा राखेर औषधी उपचार गराउनुपर्ने र बन्दीले आफ्नै खर्चले उपचार गराउन चाहे उपचार गराउन अनुमति दिनुपर्ने व्यवस्था गरिने छ । कारागार ऐनले गरेको यो व्यवस्थालाई प्रभावकारी रुपले कार्यान्वयन गर्न चार सय भन्दा बढी बन्दी रहने कारागारहरुमा डेस्पेन्सरी डाक्टरको व्यवस्था छ । तराईका अधिकांश र पहाडका धेरै बन्दीहरु भएका कारागारहरुमा स्वास्थ्य सहायकहरुको दरबन्दी तोकिएको छ । राम्रो उपचार हुन नसक्ने ठाउँमा थुनिएका बन्दीहरुको उपचार कारागार सरुवा गरेर पनि गर्ने व्यवस्था ऐनमा छ, तर व्यवहारमा यस ऐनको पालना कमै भएको पाइन्छ । नेपालका प्राय : सबै कारागारहरुमा बन्दीहरुलाई भेडाबाखा झैं गरी राख्ने चलन छ । कारागा ऐनले थुनुवा र बन्दीहरुलाई अलग अलग राख्न गरेको कानुनी व्यवस्थालाई कारागार प्रशासनले लागू गर्न सकेको छैन । कारागारहरु पुराना जीर्ण मात्र होइन, अधिकांश कारागारहरु साँघुरा, चिसा र अत्यन्त फोहोर छन् । अझ महिला बन्दीलाई राखिएका प्रायः जसा कारागारका कोठाहरु कुनै चिसा, कुनै अँधेरा, कुनै हावा समेत नपस्ने, कुनै हावा र पानी सबै कोठाभित्रै पस्ने, कुनै चर्पी नहुने, कतै सुत्ने ठाउँसँगै जोडिएको र कतै भान्सा सँगसँगै जोडिएको चर्पी हुने, कुनै कारागारमा चौबिसै घण्टा कोठाभित्र बस्नपर्नृ जस्ता समस्या छन् ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

कुनै पनि विषयको अध्ययन अनुसन्धान गर्दा समाजशास्त्र तथा मानवशास्त्रमा विकसित विभिन्न सिद्धान्तहरु मध्ये सम्बन्धित एक वा बढी सिद्धान्तको उपयोग गरिन्छ । यसरी अनुसन्धान गर्दा बढी वैज्ञानिक, सैद्धान्तिक तथा व्यवहारिक देखिन्छ । त्यसैले यहाँ प्रस्तुत विषयको अनुसन्धान संरचनात्मक प्रकार्यात्मक र घटनाशास्त्रीय सिद्धान्तको नजिक रहेर गरिने छ ।

### संरचनात्मक प्रकार्यात्मक सिद्धान्त

यसले समाजलाई एउटा प्रणाली वा व्यवस्था उपागमनबाट विश्लेषण गर्दछ । सिंगो सामाजिक व्यवस्थालाई एउटा पद्धति मानेको हुन्छ । समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनाक्रमको अध्ययनलाई पूर्व रुपमा बुझ्नको लागि, यसको कार्य कारण सम्बन्ध पहिल्याउनको लागि, सामाजिक, सांस्कृतिक यथार्थलाई प्रष्ट पार्नको

लागि सामाजिक व्यवस्थाका सबै संलग्न पक्षको एकीकृत रुप र प्रक्रियालाई अध्ययन गर्नुपर्दछ भन्ने मान्यता यसमा रहेको हुन्छ ।

**प्रकार्यात्मक एकता**

यस संरचनात्मक प्रकार्यात्मक नमुनाले आधारभूत रुपमा नै समाजको प्रकार्यात्मक एकतालाई जोड दिन्छ । यसमा समाजलाई एउटा बृहत संरचना मानिन्छ । जहाँ विभिन्न एकाइहरु तथा उपसंरचाहरुको क्रमबद्ध गठन पाइन्छ । यिनै तत्त्वहरु तथा भागहरुको संयोजनले नै एउटा सामाजिक व्यवस्था निरन्तर अस्तित्वमा रहेको हुन्छ । विभिन्न एकाइहरुको प्राकार्यात्मक सम्बन्ध, एकीकरण र एकताबाट नै समाज विकासको प्रक्रिया निरन्तर चलेको हुन्छ । यसैले यस मान्यताअनुसार समाज, समाजका विभिन्न एकाइहरु बिचको एकीकृत र संगठनात्मक स्वरुप हो । यिन्नै एकाइहरु बिचको प्रकार्यात्मक सम्बन्धले सामाजिक व्यवस्थालाई स्थायित्व दिएका हुन्छन् ।

**विचलित व्यवहार**

समाज जसरी समानता, सहयोग, सद्भाव र सो कार्यबाट सञ्चालिन छ । यसै गरी समाजमा असहयोग, द्वन्द्व, प्रतिरोध तथा संघर्षको स्थिति पनि देखिन्छ । सामाजिक पृष्ठभूमिमा नै विभिन्न प्रकृतिका सामाजिक व्यवहार र क्रियाकलापहरु उत्पन्न हुन्छन् र तिनले सामाजिक व्यवस्थामा सकारात्मक तथा नकरात्मक प्रभाव पारेका हुन्छन् । यिनै व्यवहारहरुलाई स्थापित गर्ने माध्यम सामाजिकीकरण हो । सामाजिक नियन्त्रणका माध्यमबाट प्रत्येक अस्वभाविक, असान्दर्भिक तथा विचलित व्यवहारलाई समाज सापेक्षा पार्ने कार्य गरिन्छ । समाजमा सधैं समाज अनुकुलका र समाजलाई प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने सामाजिक कार्य हुँदैनन् । बरु सामाजिक विचलित व्यवहार जुन सामाजिक मर्यादाबाट टाढा रहेका, सामाजिक मूल्य मान्यता तथा परम्पराको सिमालाई नाघेका, निश्चित व्यक्ति तथा समूहको हितलाई मात्र प्रश्रण दिएकोमा व्यवहारहरु समाजमा देखिन्छन् । जसलाई सामाजिक विचलित व्यवहार भनिन्छ । सामाजिक विचलित व्यवहारहरुमा अनैतिक कार्य, हत्या, चोरी, डकैती भ्रष्टाचार, जुवातास, जाँड रक्सीको व्यवहार, अरुलाई गाली बेइज्जती गर्ने, धोका, कपटी, ठगी आदि पर्दछन् ।

सामाजिक विचलन समाज पृथक व्यवहार हो । जसले समाजको संरचना, गठन र मान्यतालाई बिगार्छ तथा विखण्डन गर्दछ । यस्ता व्यवहारमा समाजको स्वीकृति पाइँदैन । कालान्तरमा समाजमा अस्थिरता, भय बेचैन, अनुत्तरदायित्व जस्ता प्रवृत्तिको विकास हुन्छ ।

समाजशास्त्रीय दृष्टिकोण अनुसार सामाजिक विचलनलाई सकारात्मक र नकारात्मक दुवै पक्षबाट विश्लेषण गरिन्छ । अझ भन्ने हो भने सामाजिक समूह र समाजहरुको प्रकार्यात्मक स्वरुपलाई प्रक्रियारत बनाउँदै तिनको अस्तित्वका लागि सामाजिक विचलनले सकारात्मक र नकारात्मक प्रभाव पार्न सक्छ । बरु बुझ्नुपर्ने तथ्य के हो भने कस्ता समाजमा कुन प्रकृतिका सामाजिक विचलनहरुको अवस्था किन शुरु भएको छ ? किन भिन्न भिन्न प्रकृतिका विचलनहरु समाजमा देखिन्छन् । यसतर्फ नै समाजशास्त्रीय विश्लेषण बढी केन्द्रित हुने गर्दछ । प्रत्येक प्रकृतिका सामाजिक विचलनका उत्पत्तिका लागि समाजमा विभिन्न कारक तत्त्वहरु रहेका हुन्छन् । यसैले सामाजिक यथार्थताहरु नै सामाजिक विचलनका लागि जिम्मेवार छन् ।

इमाइल दर्खिम समाजका लागि सामाजिक विचलन प्रकार्यरत हुन्छ भन्ने मान्दछन् । यसलाई समाजको प्रकृतिको रुपमा विश्लेषण गरेका छन् । उनले हत्यालाई सामाजिक जीवनको अनिवार्य र साधारण पक्ष मान्दछन् । समाजका सबै व्यक्तिहरुका समान किसिमको सामूहिक चिन्तन तथा मूल्य मान्यता र व्यवहार सिर्जना गराउँछ । सबै सामाजिक परिवर्तनहरु सामाजिक विचलनबाटै सुरु हुन्छन् । केही हत्याहरु भविष्यको नैतिकताका लागि पूर्व धारणा बन्दछन् । समाजमा उत्पन्न विचलनबाटै संगठित र असल समाजका निर्धारकहरुको उत्पनन हुन्छ ।

उसै मर्टन समाजको संस्कृति र सामाजिक संरचनाले सामाजिक विचलनको सृजना गराउँछ भन्दछन् । उनका अनुसार व्यक्तिको प्रकृतिका भन्दा पनि समाजको प्रकृतिमा सामाजिक विचलनका घटनाहरु निर्धारित हुन्छन् । प्रत्येक समाजमा निश्चित सामाजिक तथा सांस्कृतिक मान्यतायुक्त उद्देश्यहरु पूरा गर्ने संस्थागत मान्यताहरु विकास भएका हुन्छन् । अर्थात् निश्चित सामाजिक दृष्टिकोण र मान्यताको विकास भएको हुन्छ । यसै अनुरुप सामाजिक कार्य हुन नसकी व्यक्तिहरुको सामाजिक मान्यता र अपेक्षा अनुरुप आफूलाई ढाल्न सकेन वा आफ्नो हैसियत र क्षमता अनुरुपको उपलब्धी प्राप्त गर्न सकेन भने यही

अवस्थाले सामाजिक विचलनको जन्म गराउँछ । व्यक्तिका आकांक्षा, हैसियत, औकात, अनुरुपको अपेक्षा प्राप्त गर्न नसक्दा विभिन्न सामाजिक खराबीहरु उत्पन्न हुन्छ ।

समाजको आर्थिक, सामाजिक, राजनैतिक तथा धार्मिक उपस्थिति र प्रभावका कारण सामाजिक व्यवहारहरुको विकास हुन्छ । यसैले सामाजिक संरचना भित्रका एकाइहरुबीचको प्रकार्यात्मक सम्बन्धको तह सम्बन्धको आशय तथा अन्योन्याश्रीत प्रकार्यका अभावमा सामाजिक विचलनको स्थिति आउँछ । प्रत्येक एकाइहरुको भूमिका निर्वाहका सम्बन्धमा उत्पन्न बाधाहरुले पनि सामाजिक विचलनको स्थिति आउँछ ।

**घटनाशास्त्र**

यो समाजको अध्ययनमा सुक्ष्म अवधारणा हो । घटनाशास्त्रीहरुले मानिसले के सोच्दछन् ? भन्ने बारेको अध्ययनलाई जोड दिन्छन् । मानिसले कसरी आफ्नो सोचाई र व्यवहारहरु प्रकट गर्दछन् त्यसको अर्थ कसरी लगाउँछन् ? अरुको भनाइप्रतिको बुझाइको ग्रहण र प्रकटित व्यवहार के कस्तो हुन्छ ? भन्ने तथ्यको खोजी नीतिको कार्य घटनाशास्त्रले गर्दछ । यो शास्त्र दर्शनशास्त्रमा एउटा हलचल हो जसले व्यक्तिको जागरुकताको स्थिति र सामाजिक जीवनको सम्बन्धको बुझाईलाई विकसित गरेको छ र अरु बढी बुझाउँछ । समाजशास्त्रमा एउटा अवधारणाको रुपमा घटनाशास्त्रले के कसरी सामाजिक कार्य, सामाजिक संस्था र समाज सामाजिक जागरुकताका परिणाम हुने भन्ने तथ्यलाई प्रकट गर्दछ ।

घटना शास्त्रलाई सैद्धान्तिक अवधारणामा राखेर सामाजिक घटनाको विश्लेषण गर्ने कार्य अल्फ्रेड सुजलॄ गरेका हुन् । उनले सामाजिक घटनाको गहन अध्ययन गर्न दैनिक जीवनको तरिकालाई बुझ्नुपर्ने तर्क राख्दछन् । कुनै पनि घटनामा व्यक्तिहरुको सोचाई र धारणा के छ ? त्यसलाई बुझ्नु पर्छ भन्ने उनको मान्यता छ । अरुले भनेको र गरेको क्रियाकलापलाई मानिसले कसरी ग्रहण गर्दछ र उसका भनाइलाई अर्कोले कसरी बुझ्दछ भन्ने तथ्य अवस्थामा भर पर्ने हुन्छ । सामाजिक घटनामा बहु सत्यताका बारेमा पुग्न सकिने तर्क उनको छ । यो व्यक्तिको सोचाई, बुझाई र अवस्थामा भर पर्दछ । उनको अर्को तर्क के छ भने मानिसले जति बढी सामाजिक सत्यतामाथि सन्देह गर्दछ त्यति नै बढी सत्यताको नजिक पुग्न सक्दछ ।

**सिद्धान्तसँगको सम्बन्ध**

कारागारमा रहेका विभिन्न मुद्दाका विभिन्न मुद्दाका विभिन्न प्रकृति र प्रवृत्तिका कारागारको क्षमता भन्दा झण्डै ५ गुण बन्दीहरु एकै स्थानमा रही एकताबद्ध रुपमा दैनिक क्रियाकलाप, वर्षौं बिताउनु र कारागार प्रशासनसँगको सौहार्दपूर्ण सम्बन्धले संरचनात्मक प्रकार्यात्मक सिद्धान्तको प्रकार्यात्मक एकताको मान्यतालाई जोडसँग पक्रेको देखिन्छ ।

# अध्याय-तीन
# अनुसन्धान पद्धति

## ३.१ अध्ययन औचित्य

मानव अधिकारको बहस र विधा एउटा महत्त्वपूर्ण अध्ययनको क्षेत्र बन्दै गएको वर्तमान परिपेक्ष्यमा पनि कारागार भित्रको जीवनको अध्ययनलाई आफ्नो अध्ययनको शीर्षक बनाउन सकिएको हो । कारागार भित्र जुनसुकै कारणले बस्नु परेको भए पनि आखिर त्यो मानव हो र विकासको सन्दर्भलाई जोडेर हेर्दा त्यो मानवीय स्रोत हो , त्यसलाई जुनसुकै ढङ्गले पनि परिचालन गर्न सकिन्छ र सकारात्मक रुपमा परिचालन गर्नको लागि के कस्ता उपायहरु हालसम्म प्रयासरत छन् र के भविष्यमा हुन सक्दा भन्ने जस्ता प्रश्नहरुको उत्तर प्राप्त गर्न सकिन्छ भन्ने कुराले पनि यो शीर्षक अध्ययनको शीर्षक बन्न पुगेको हो ।

हालसम्मका अध्ययन अनुसन्धानका विषयहरुमध्ये यो विषय नितान्त नविन विषय भएको तथा एउटै कारागारका निश्चित मुद्दाको अध्ययनले कार्य सम्पादनमा पनि सहज हुने भएकोले यो क्षेत्र छनोट गरिएको हो ।

## ३.२ अनुसन्धानको ढाँचा

कारागारका बन्दीहरुको जीवन पद्धति नामक अध्ययनको शीर्षकमा काराागारको भौतिक अवस्था, कारागार प्रशासन, बन्दीहरुले पाइरहेका सविधा जस्ता कुराहरु अध्ययन गरी प्रस्तुत गरिने भएकाले यो अध्ययनको ढाँचा वर्णनात्मक छ । त्यस्तै गरी बन्दीहरुका जीवनपद्धतिका कतिपय पक्षमा लुकेर रहेका अवस्था उनीहरुका मनोभावना, कुण्ठा, केह ीगर्न सकिन्छ र कारागारबाटै नयाँ जीवनको शुरुवात पनि गर्न सकिन्छ भन्ने सकारात्मक मनोभावनाका विषयहरुलाई अन्वेषण गरी बाहिर ल्याइने हुँदा यो अनुसन्धानको ढाँचा अन्वेषणात्मक छ । समग्रमा भन्नुपर्दा यो अनुसन्धान वर्णनात्मक र अन्वेषणात्मक दुवै ढङ्गको छ ।

## ३.३ सघन गणना विधि

कास्की कारागार नै यसको अध्ययनको क्षेत्र हो । कास्की कारागारको सम्पूर्ण बन्दीहरुलाई अध्ययनमा राखिने भएकोले अध्ययनको विधि जनगणना विधि हुनेछ ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरु

प्राथमिक स्रोत : अध्ययनका लागि अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा गई तथ्याङ्क सङ्कलन गरिने छ । प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्क सङ्कलन गर्न निम्न तथ्याङ्क सङ्कलनका विधिहरु अपनाइने छ ।

### ३.४.१ प्रश्नावली अनुसूची

तथ्याङ्क सङ्कलन गर्नको लागि धेरै तथ्याङ्कहरु उपलब्ध हुन सकोस् भन्ने उद्देश्यले सकेसम्म धेरै सूचना प्राप्त गर्ने गरी प्रश्नावली अनुसूची तयार गरी बन्दीहरुबाट उत्तर प्राप्त गरिने छ ।

### ३.४.१.२ अन्तर्वार्ता

अनुसन्धान टोलीले आफ्नो समस्याको अध्ययन गर्नका लागि प्राथमिक एवम् द्वितीय दुबै स्रोत प्राप्त भएका तथ्याङ्क संलग्न गर्ने स्रोतहरु प्रयोग गरिन्छ ।

### ३.४.१.३ अवलोकन

कारागारको प्रत्यक्ष रुपमा आफूले नै अवलोकन गरिने छ । त्यहाँको वास्तविक वस्तुस्थिति, बन्दीहरुको रहनसहन् सरसफाई, खाना, सुविधा, सञ्चारसँग पहुँच आदि विषयमा अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिने छ ।

### ३.४.१.४ छलफल

विशेष गरी विषय विशेषज्ञ, कारागार प्रमुख, प्रहरी प्रमुख, मावन अधिकारवादी कार्यकतासँग वैयक्तिक तथा सामूहिक छलफल गरी विशेष सूचना, तथ्याङ्क सङ्कलन गरिने छ ।

### ३.४.३ द्वितीय स्रोत

द्वितीय स्रोतको लागि प्रकाशित अप्रकाशित लेख, रचना र पुस्तकहरुलाई आधार बनाइने छ ।

## ३.५ तथ्याङ्कको विश्लेषण र प्रस्ततीकरण

प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई उपयुक्त ढङ्गबाट विश्लेषण गर्न तथ्याङ्कको प्रकृति हेरी सङ्ख्यात्मक र गुणात्मक तथ्यहरुलाई तालिका, स्तम्भ चित्र, वृत्तचित्रको माध्यमबाट विश्लेषण गर्दै प्रस्तुत गरिने छ ।

यस शोधकार्यलाई निश्चित परिधिभित्र रहेर सम्पन्न गरिने छ । यस अध्ययनलाई बढी विश्वासनीय र वस्तुनिष्ठ बनाउनका लागि समाजशास्त्रीय अध्ययनमा प्रयोग हुने परिधिभित्र रही शोधकार्य सम्पन्न गरिने छ। सबै आवश्यक पर्ने परिशिष्टहरु राखिने छ ।

# अध्याय -चार
# बन्दीहरूको सामाजिक र आर्थिक अवस्था

यस अध्यायमा मुख्य गरेर कास्की जिल्ला कारागारमा रहेका बन्दीहरूको समाजसँग भएको अन्तरसम्बन्ध र त्यसले पारेका प्रभावहरूको गहिरोसँग अध्ययन गरी निष्कर्ष निकाल्दै त्यही सामाजिक प्रभावको जगमा उसको आर्थिक हैसियत र त्यसले बन्दीहरूलाई कुन तहसम्म असर पुऱ्याउँदो रहेछ भनी विश्लेषण गरिएको छ।

## ४.१ सामाजिक अवस्था

व्यक्तिको सामाजिक अवस्थाले समाजमा बसेर सामाजिक वातावरण बुझ्ने र समाजप्रति उसको सम्बन्ध र प्रभाव कस्तो छ सजिलै थाहा पाउन सकिन्छ । मानव उत्पत्तिसँगै समाजको आवश्यकता महसुस हुँदै आएको पाइन्छ। यसको अर्थ समाजको आवश्यकता हुँदै गर्दाको समयसँग आजको समाजलाई अध्ययन गर्दा धेरै वैज्ञानिक र विकसितका साथै गतिशील भएको आभास मिल्दछ। यो समयमा आउँदा पनि कारागारको विकास र वृद्धि सकारात्मक रूपमा भएको पाउँदछौँ किनभने समाजमा विभिन्न प्रकारका कसुरहरू विद्यमान छन् । त्यसकारण यो भागमा बन्दीहरूको बन्दी हुनु पूर्व समाजमा उसको उपस्थिति र प्रभाव कस्तो थियो भन्ने विषयलाई विभिन्न उपशीर्षकहरू बनाएर विश्लेषण गरिएको छ।

### ४.१.१ बन्दीहरूको उमेर

मानिसको उमेरले उसको बाहिरी विश्वलाई हेर्ने र त्यसलाई अर्थ लगाउने क्षमतामा प्रभाव पार्दछ। मानिस उमेरसँगै सामाजिकीकरणको प्रक्रियामा अगाडि बढीरहेको हुन्छ र उमेरसँगै मानिसमा परिपक्वता बढ्दै जान्छ । सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा उमेर र लिङ्गलाई सँगै राखेर हेर्ने गरिए पनि कास्की जिल्ला कारागारमा भएका जम्मा ४४ जना बन्दीहरूमा महिला २ र पुरुष ४२ रहेका छन्। यसर्थ महिलाहरूको न्यून सङ्ख्याको कारण उमेर समूह विश्लेषण गर्ने क्रममा दुबै लिङ्गलाई एकै ठाउँमा राखी विश्लेषण गरिएको छ।

**तालिका ४.१: बन्दीहरुको उमेरको विवरण**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५-२४ | ६ | १३.६ |
| २५-३४ | १४ | ३१.९ |
| ३५-४४ | १७ | ३८.७ |
| ४५-५४ | ५ | ११.४ |
| ५५ र सो माथि | २ | ४.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिका नं. ४.१ मा कारागारमा रहेको बन्दीहरुको उमेरलाई १० वर्षको अन्तरालमा उमेर समूह बनाएर राखिएको छ र यसरी हेर्ने क्रममा १५ वर्षभन्दा माथि देखि ५५ वर्ष र सोभन्दा माथिसम्मका विभिन्न उमेर समूह बनाएर उल्लेख गरिएको छ । यसरी उमेर समूहलाई हेर्दा सबैभन्दा बढी ३८.७ प्रतिशत बन्दीहरु क्रमश: ३५-४४ वर्ष उमेर समूहका छन् भने सबैभन्दा कम ४.४ प्रतिशत बन्दीहरु ५५ र सोभन्दा माथिका उमेर समूहका छन् । त्यसैगरी १५-२४ वर्ष उमेर समूहमा १३.६ प्रतिशत बन्दीहरु, २५-३४ वर्ष उमेर समूहमा ३१.९ प्रतिशत बन्दीहरु रहेका छन् । त्यसै गरी ४५-५४ वर्ष उमेर समूहका ११.४ प्रतिशत रहेको छन् । माथिको तालिका हेर्दा के देखिन्छ भने सामाजिक व्यवहारका विरुद्ध विद्रोह गर्ने साथै सामाजिक मूल्य-मान्यतालाई वेवास्त ागर्ने किशोर र युवा अवस्थामा बढी हुने गर्दछ भन्ने मान्यतालाई देखाउनका खोजेको पाइन्छ ।

## ४.१.२ शैक्षिक अवस्था

शिक्षालाई आधुनिकीकरणको ढोकाका रूपमा मानिन्छ । शिक्षाले मानिसलाई कुन कुरा ठीक र बेठीक छुट्याउने शक्ति प्रदान गर्दछ । साथै शिक्षाले व्यक्तिलाई नयाँ विचार र प्रविधिलाई कसरी लिने र कति लिने भन्ने कुरामा पनि सहयोग पुऱ्याउँदछ । कास्की जिल्लामा रहेका बन्दीहरूको शैक्षिक अवस्थालाई हेर्ने क्रममा साक्षर र निरक्षर र साक्षर मध्ये के कति तह पास गरेका छन् भनी हेरिएको छ ।

### ४.१.२.१ साक्षरता

शैक्षिक अवस्थाको अध्ययन गर्ने क्रममा पहिला व्यक्ति साक्षर वा निरक्षर के छ भनी हेर्ने गरिन्छ । यसरी हेर्ने क्रममा साक्षर र निरक्षर छुट्याउन उसले दैनिक जीवनमा आउने वा गर्नुपर्ने साधारण लेखपढ गर्न सक्षम छ वा छैन भन्ने आधारमा छुट्याउने गरिन्छ ।

**तालिका ४.२ : बन्दीहरूको शैक्षिक स्थिति**

| शैक्षिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ३७ | ८४.६ |
| निरक्षर | ७ | १५.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिका ४.२ लाई अध्ययन गर्दा कुल ४४ जना बन्दीहरुमा ८४.६ प्रतिशत बन्दीहरु साक्षर छन् भने १५.४ प्रतिशत निरक्षर छन् । यो साक्षरताको प्रतिशत दर नेपालको कुल साक्षरता दर ६४ प्रतिशतभन्दा बढी देखिन्छ । यसरी बन्दीहरुको साक्षरता र निरक्षरताको स्थिति हेर्ने क्रममा जसले साधारणतया लेख्न र अङ्क/अक्षर पढ्न सक्दछन् तिनीहरुलाई साक्षर मानिएको छ ।

### ४.१.२.२ पास गरेको तह

कुनै स्थानको मानिसहरूको वा जनसङ्ख्याको शैक्षिकस्तर हेर्ने क्रममा साक्षरता निरक्षरता मात्र हेरेर यति मानिस साक्षर, यति निरक्षर भनी हेर्दा त्यसलाई पूर्ण मान्न सकिँदैन किनकि साक्षरभित्र त्यस्ता मानिसहरू पर्दछन् जसमा साधारण लेखपढ मात्र गर्न जान्नेदेखि उच्च शिक्षा हासिल गरेकाहरूसम्म पनि पर्दछन् । यसर्थ बन्दीहरू मध्ये कुन तहसम्म पास गरेका छन् भनी तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.३: साक्षर बन्दीहरूले पास गरेको तहको विवरण**

| पास गरेको तह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साधारण लेखपढ | ६ | १६.२ |
| प्रा.वि. (१-५) | १८ | ४८.६ |
| नि.मा.वि (६-७) | ६ | १६.२ |
| मा.वि. (८-१०) | ५ | १३.५ |
| एस.एल.सी. र उच्च मा.वि. | २ | ५.४ |
| जम्मा | ३७ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यो कारागारका साक्षर बन्दीहरूमध्ये ४८.७ प्रतिशत बन्दीहरु प्रा.वि. तहमा अध्ययन गरेका वा पास गरेका छन् । सबैभन्दा कम एस.एल.सी. तह ५.४ प्रतिशत बन्दीहरुले अध्ययन गरेको देखिन्छ । त्यसै गरी नि.मा.वि. र साधारण लेखपढ १६.२ प्रतिशत बन्दीहरु रहेका छन् । यसै गरी मा.वि. तह पास गर्ने १३.५ प्रतिशत मात्र देखिन्छ । माथिको तालिकालाई अध्ययन गर्दा सबैभन्दा बढी (४८.६ प्रतिशत) प्रा.वि. तह पास गरेको पाइयो भने सबैभन्दा कम एस.एल.सी. र उच्च मा.वि. (५.४ प्रतिशत) तह पास गर्ने देखिन्छ ।

## ४.१.३ वैवाहिक स्थिति

सामाजिक स्थितिको अध्ययन गर्ने क्रममा वैवाहिक स्थितिलाई महत्त्वपूर्ण मानिन्छ । हुन त हाम्रो हिन्दु समाजमा वैवाहिक बन्धनमा नबाँधिएको पुरुष वा महिलालाई पूर्ण नमान्ने गरिन्छ भने वैवाहिक स्थितिले मानिसको मनोवृत्तिमा पनि प्रभाव पार्दछ । विवाहित र अविवाहितलाई हेर्ने क्रममा अविवाहितलाई अपरिपक्व मान्ने चलन हाम्रो समाजमा छ । यी बाहेक वैवाहिक जीवन असफल हुनाले पनि मानिसले समाजमा बसेर गर्ने व्यवहारमा फरक पर्दछ । यहाँ वैवाहिक स्थितिका आधारमा पनि अपराधको प्रकृति के कस्तो छ भनी देखाइएको छ ।

**तालिका ४.४: बन्दीहरूको वैवाहिक स्थिति**

| वैवाहिक स्थिति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अविवाहित | १६ | ३६.२ |
| विवाहित | २५ | ५६.९ |
| विधुर/विधवा | १ | २.३ |
| सम्बन्ध विच्छेद | २ | ४.६ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

तालिका ४.४ लाई अध्ययन गर्दा यस कारागारका बन्दीहरुमा सबैभन्दा बढी ५६.९ प्रतिशत बन्दीहरु विवाहित छन्  भने सबैभन्दा कम २.३ प्रतिशत बन्दीहरु विधुर/विधवा भएका छन् भने ४.६ प्रतिशत सम्बन्ध विच्छेद भएका पाइयो । यसरी हेर्दा अविवाहित बन्दीहरु ३६.२ प्रतिशत छन्

## ४.१.४ बन्दीहरूको विवाह गर्दाको उमेर

विवाह गर्दाको सरदर उमेरले कुनै पनि स्थानको सामाजिक, आर्थिक साथै सांस्कृतिक अवस्थाको चित्रण गर्ने गर्दछ । समाज जति पनि विकासको पथतर्फ लम्कदै जान्छ, समाजका सदस्यहरूको विवाह गर्ने सरदर उमेरमा पनि वृद्धि हुँदै जान्छ । हाम्रो देशको विवाह गर्ने सरदर उमेर र पश्चिममा विकसित मुलुकहरूको उमेर हेर्ने हो भने यसमा धेरै फरक पाइन्छ । हाम्रो देशमा यो उमेर कम हुनमा हाम्रो यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिकका साथै वेरोजगार स्थिति मुख्य कारकका रूपमा रहेका छन् । यस अध्ययनमा कास्की जिल्ला कारागारमा रहेका एक पटक विवाह भैसकेका वा अविवाहित बाहेक (१६ जना) सबै २८ जनालाई उनीहरूको पहिलो विवाह हुँदा उनीहरूको उमेर कति थियो भनी प्रश्न सोधिएको थियो ।

**तालिका ४.५: बन्दीहरुको विवाह गर्दाको उमेर**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ वर्षभन्दा कम | २ | ७.१ |
| १६-२० | १२ | ४२.८ |
| २१-२५ | १० | ३५.८ |
| २६-३० | ४ | १४.३ |
| जम्मा | २८ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

तालिका ४.५ लाई अध्ययन गर्दा यस कारागारका बन्दीहरुमा धेरैको ४२.८ प्रतिशतको १६-२० वर्षको बिचमा विवाह भएको पाइन्छ । सबैभन्दा कम ७.१ प्रतिशत बन्दीहरुको १५ वर्षभन्दा कम उमेरमा विवाह भएको पाइयो । त्यसैगरी २१-२५ वर्षको उमेरमा ३५.८ प्रतिशतले गरेको पाइयो भने २६-३० वर्षमा मात्र १४.३ प्रतिशतले विवाह गरेको देखियो । यस तालिकाले नेपालमा भइरहेको कम उमेरमा हुने विवाहलाई झल्काउँदछ । हुन त नेपालको कानुनले अभिभावकको स्वीकृतिले पुरुषको १८ वर्ष र महिलाको १६ वर्ष पुगेपछि गरिएको विवाहलाई मान्यता दिएको छ । यसबाट के भन्न सकिन्छ भने बन्दी स्वयम् सक्षम नभई कम उमेर मै विवाह गरेको देखिन्छ । यसले बन्दीहरुलाई विभिन्न खालका सोचाइहरु उत्पन्न गराएको हुन सक्छ ।

## ४.१.५ बन्दीहरूको धार्मिक स्थिति

संसारका सबै धर्मले मानिसलाई सदाचार सत्कर्मलाई प्रेरित गरिरहेको हुन्छ । प्रायः मानिसहरूले एउटा न एउटा धर्म अँगाल्ने गरे पनि उक्त धर्मले दिएको वा दिन खोजेका कुराहरूलाई आफ्नो व्यक्तिगत स्वार्थपूर्ति गर्ने क्रममा लत्याउने गर्दछन् । यस कारागारमा रहेका बन्दीहरूको धार्मिक स्थिति कस्तो छ भनी देखाइएको छ ।

**तालिका ४.६: बन्दीहरूको धार्मिक स्थिति**

| धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३१ | ७०.४ |
| बौद्ध | ७ | १५.९ |
| मुस्लिम | १ | २.२ |
| क्रिश्चियन | ५ | ११.५ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

कास्की जिल्ला कारागारमा हिन्दु, बौद्ध, मुस्लिम र क्रिस्चियन धर्म मान्ने बाहेक अन्य धर्म मान्ने बन्दीहरु छैनन् । कुल बन्दीहरुमा ७०.४ प्रतिशत हिन्दु धर्म मान्ने छन् भने १५.९ प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइयो । यसै गरी मुस्लिम २.२ र क्रिश्चियन ११.५ प्रतिशतले मान्ने गरेको पाइयो । यस तथ्याङ्कबाट कास्की जिल्ला कारागारको क्षेत्रभित्र हिन्दु धर्म मान्ने मानिसहरुको सङ्ख्या धेरै भएका कारणले सबैभन्दा बढी हिन्दु धर्म मान्ने बन्दी रहेका छन् भन्न सकिन्छ ।

## ४.१.६ बन्दीहरूको जातिगत विवरण

कास्की जिल्ला कारागारमा रहेका बन्दीहरू कुन कुन जातिका छन् र कुन जात जातिको अनुपात बढी छ भनी जातजातिय विवरणलाई विश्लेषण गरिएको छ ।

**तालिका ४.७: बन्दीहरूको जातिगत विवरण**

| जात/जातिहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ६ | १३.७ |
| क्षेत्री | ९ | २०.४ |
| नेवार | २ | ४.५ |
| गुरुङ | १ | २.२ |
| दमाइ/कामी/सार्की (दलित) | १८ | ४१ |
| मगर | ६ | १३.७ |
| मुस्लिम | २ | ४.५ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

कास्की जिल्ला कारागारमा रहेका कुल बन्दीहरुमा सबभन्दा बढी ४१ प्रतिशत दमाइ, कामी, सार्की (दलित) छन् भने सबैभन्दा कम २.२ प्रतिशत गुरुङ रहेका छन् । त्यसै गरी क्षेत्री २०.४ प्रतिशत, ब्राह्मण र मगर १३.७ प्रतिशत रहेको छन् भने मुस्लिम ४.५ प्रतिशत रहेका छन् । कास्की कारागारका बन्दीहरुको जातिगत विवरणलाई राष्ट्रिय तथ्याङ्कसँग तुलना गरि हेर्दा दलितहरुमा राष्ट्रिय आँकडाभन्दा बढी सङ्ख्यामा बन्दी रहेको पाइयो । यस तथ्याङ्कबाट के कुराको पुष्टि हुन्छ भने गरीब र चेतनाको कमीको कारणबाट दलितहरु कसुर गर्ने ठाउँमा उभिए भन्न सकिन्छ भने गुरुङहरु सबैभन्दा कम बन्दीहरु भेटिनुमा उनीहरु आर्थिक क्रियाकलापका कार्यमा तल्लीन हुने हुँदा नगण्य मात्रामा रहेको हो भन्न सकिन्छ ।

### ४.१.७ लिङ्गको आधारमा बन्दीहरूको विवरण

नेपालमा पुरुषभन्दा महिला बढी जनसङ्ख्या रहेको अवस्था र समाजमा महिला र पुरुषको कसुरको अवस्थिति के छ भनी बुझ्नका लागि बन्दीहरूको लैङ्गिक अवस्था छुट्याइएको छ ।

**तालिका ४.८: लिङ्गका आधारमा बन्दीहरूको विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४० | ९१ |
| महिला | ४ | ९ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तालिकाबाट पुरुषहरुको तुलनामा महिलाहरु अपराधमा संलग्न नै हुँदैनन् र इमान्दार हुन्छन् भन्ने कुरा पुष्टि भएको छ । जसअनुसार ४४ जना बन्दीमा ४० जना अर्थात् ९१ प्रतिशत पुरुष र ४ जना महिला अर्थात् ९ प्रतिशत जुन पुरुषको तुलनामा महिलाको सङ्ख्या नगन्य रहेको देखिन्छ ।

### ४.१.८ स्थानगत विविधताका आधारमा बन्दीहरूको विवरण

भौगोलिक, सांस्कृतिक विविधतापूर्ण विशेषताले सजिसजाउ भएको देश नेपाल भौगोलिक रूपमा पाँच विकास क्षेत्र, चौध अञ्चल, पचहत्तर जिल्लामा विभाजित, सांस्कृतिक रूपमा बहुजातिय, बहुभाषिक, बहुधार्मिक रूपमा विभाजित समाज हो । सबैको विश्लेषण गर्न सम्भव नभए पनि समाजको एउटा पाटोको रूपमा रहेको कास्की जिल्ला कारागार अध्ययन क्षेत्रभित्र पर्ने बन्दीहरू कुन जिल्लाबाट कति बसेका रहेछन् भन्ने कुरा बुझ्नका लागि निमित्त ठेगाना लिइएको थियो । जसलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका ४.९: स्थानगत आधारमा बन्दीहरूको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कास्की | २९ | ६६ |
| पर्वत | ३ | ६.८ |
| चितवन | २ | ४.५ |
| लमजुङ | २ | ४.५ |
| स्याङ्जा | २ | ४.५ |
| तनहुँ | २ | ४.५ |
| धादिङ | १ | २.३ |
| पाल्पा | १ | २.३ |
| रौतहट | १ | २.३ |
| ममाङ्ग | १ | २.३ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तालिका ४.९ लाई अध्ययन गर्दा सबैभन्दा बढी २९ जना अर्थात् ६६.० प्रतिशत बन्दीहरु गृह जिल्ला कास्की कै देखिए । यसो हुनुको कारण जिल्लाभित्र कसुर गरेका जिल्ला मै राख्ने प्रावधानले गर्दा धेरै रहेको देखिन्छ । यसै गरी पर्वत जिल्लाबाट पनि ६.८ प्रतिशत बन्दी देखियो । त्यसै गरी स्थानगतको आधारमा बन्दीहरुको विवरणलाई हेर्दा चितवन,

लमजुङ, स्याङ्जा र तनहुँ जिल्लाका ४.५ प्रतिशत रहेको देखिन्छ भने धादिङ, पाल्पा, रौतहट र ममाङ्गका २.३ प्रतिशत रहेको छ ।

### ४.१.९ पारिवारिक किसिमका आधारमा बन्दीहरूको विवरण

मानव समाजको विकास प्रक्रियामा जब कृषि समाजको सुरुवात भयो, तब परिवार, निजी सम्पत्ति र विस्तारै राज्यको पनि सुरुवात र विकास भयो । विकास प्रक्रियाअनुसार परिवार बृहत्, संयुक्त र एकल गरी तिन किसिममा विभाजन भएको पाइन्छ । वर्तमानमा आइपुग्दा बृहत् परिवारको अवधारणा हराइसकेको छ भने संयुक्त परिवारको पति औद्योगिक समाजको विकासको गतिसँगै नगन्य अवस्थामा रहेको छ । कृषिको प्रभाव बढी रहेको स्थानमा भने प्रभाव पूर्ण रहेको छ । परिवारको किसिमबाट पनि उनीहरूको स्थान र सामाजिक अवस्थाको विश्लेषणमा सहयोग पुग्ने हेतुले बन्दीहरूलाई प्रश्न गरिएको थियो । जसअनुसार तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका ४.१०: परिवारका किसिमको आधारमा बन्दीहरूको विवरण**

| पारिवारिक किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त | १३ | २९.६ |
| एकल | २६ | ५९.० |
| अनुत्तरित | ५ | ११.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तालिका ४.१० लाई हेर्दा धेरैजसो बन्दीहरु एकल परिवार ५९.० प्रतिशत रहेको पाइयो भने सबै भन्दा कम अनुत्तरित परिवार ११.४ प्रतिश रहेको पाइयो । त्यसै गरी संयुक्त परिवार हुनेहरु जम्मा २९.६ प्रतिशत देखिन्छ ।

## ४.२ बन्दीहरूको पारिवारिक आर्थिक अवस्था

मानव समाजको उत्पत्तिदेखि वर्तमान जटिल समाजको विकासक्रमसम्म आइपुग्दाको ऐतिहासिक विकासक्रमलाई अध्ययन गर्दा परिवार र उसको आर्थिक स्थितिले समाज निर्माण प्रक्रियामा विशिष्ट र महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । सामाजिकीकरणको

महत्वपूर्ण एकाइ परिवार र आधार संरचनाको मुख्य अङ्ग आर्थिक पक्षले सिङ्गो सामाजिक संरचनालाई प्रभाव पार्दछ। त्यसैले सामाजिक संरचनाको मुख्य आधार पारिवारिक र आर्थिक पक्ष हो भन्न सकिन्छ । कारागारमा आउने व्यक्तिहरू पनि समाजबाटै आउने हुनाले उनीहरूको पारिवारिक र आर्थिक अवस्थाको प्रभाव कारागारको समाजमा पनि पर्ने नै भयो । साथै कस्तो आर्थिक अवस्था भएका बन्दीहरू कसुर गर्दा रहेछन् भन्ने बुझ्नको निम्ति पनि यो शीर्षकलाई महत्वमा राखिएको हो । यिनै विषयहरूको अध्ययन गर्नका निमित्त बन्दीहरूको आर्थिक अवस्थाका विभिन्न पक्षहरू विभाजन गरी तालिका निर्माण गरी निम्नानुसार प्रस्तुती र विश्लेषण गरिएको छ।

### ४.२.१ बन्दीहरूको पारिवारिक भू-स्वामित्व

नेपालको कुल भूभाग १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर भए पनि खेतीयोग्य जमिनको मात्रामा धेरै कम छ । डाँडा-काँडाले भरिएको हाम्रो देश खेतीयोग्य जमिनको वितरणमा समानता छैन । कुल खेतीयोग्य जमिन ५५.७ प्रतिशत तराई क्षेत्रमा छ भने पहाडी क्षेत्रमा ३७.४ प्रतिशत छ। पहाडी क्षेत्रको यो जमिन पनि प्रायः भिरालो साथै सिँचाइ सुविधा नपुगेको छ । यसर्थ पनि पहाडी क्षेत्रमा रहेका मानिसहरूका सरदर भू-स्वामित्व ज्यादै कम छ । यहाँ यस कारागारमा रहेका बन्दीहरूको भू-स्वामित्व अर्थात् जग्गाको विश्लेषण गरिएको छ।

**तालिका ४.११: बन्दीहरूको भू-स्वामित्वको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भू-स्वामित्व नभएका | १० | २२.७ |
| ०.५ रोपनीसम्म भएका | २५ | ५६.८ |
| ६-१० रोपनीसम्म भएका | ६ | १३.७ |
| ११ रोपनीभन्दा माथि | ३ | ६.८ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तथ्याङ्कबाट सबैभन्दा बढी ०.५ रोपनीसम्म जग्गाको स्वामित्व भएका २५ जना अर्थात् ५६.८ प्रतिशत बन्दी रहेको पाइयो । त्यसै गरी सबैभन्दा कम १ज्ञ रोपनी माथि

जग्गा भएका ३ जना अर्थात् ६.८ प्रतिशत रहेको पाइयो । भूस्वामित्व नभएका जम्मा १० अर्थात् २२.७ प्रतिशत रहेको पाइयो भने ६-१० रोपनीसम्म भएका ६ जना अर्थात् १३.७ प्रतिशत रहेको पाइयो ।

### ४.२.२ जमिनको अवस्थाबाट बन्दीहरूको खान पुग्ने/नपुग्ने विवरण

हाम्रो देशको जनसङ्ख्याको आर्थिक अवस्थालाई हेर्ने हो भने आधाभन्दा बढी जनसङ्ख्या गरीबको रेखामुनि छन् । नेपालमा रहेको जमिन असमान वितरण साथै भएको थोरै जग्गामा पनि आधुनिक तरिकाबाट खेती गर्न नसकिएका कारण धेरै नेपालीहरूको आफ्नो जग्गा जमिनको आयस्थाबाट खान नपुग्ने अवस्था रहेको छ । यसरी गरीबले पनि मानिसको असामाजिक तथा गैर कानुनी काम गर्न प्रेरित हुन खोज्दछ भन्ने कुरा झल्केको छ ।

**तालिका ४.१२: बन्दीहरूको जमिनको अवस्था र वर्षभरि खान पुग्ने र नपुग्ने विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खान पुग्ने | १४ | ३१.८ |
| खान नपुग्ने | ३० | ६८.२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यो कास्की जिल्ला कारागारमा रहेका बन्दीहरुमध्ये ३१.८ प्रतिशतको घरमा आफ्नो जग्गा जमिनबाट वर्षभरि खान पुगिरहेको छैन । मात्र ३१.८ प्रतिशत बन्दीहरुको घरमा भने आफ्नो जग्गा जमिनको आयस्थाबाट खान पुग्ने देखिन्छ । तालिका ४.१२ ले सरदर नेपालीको आर्थिक अवस्थालाई चित्रण गरेको छ । स्मरण रहोस् भू-स्वामित्व कत्रि पनि नभएका १० जनालाई समेत यहाँ समावेश गरिएको छ किनभने तिनीहरुमध्ये केहीले अर्काको जग्गा जमिन ठेक्का वा अधियाँमा कमाएर वर्षभरिको गुजारासमेत चलाएको पाइयो ।

### ४.२.३ घरकै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा

प्रस्तुत शीर्षकमा मुख्य गरी कारागारमा बसिरहेको बन्दीहरूलाई आफ्नो घरको उत्पादनबाट कति समय खान पुग्दो रहेछ भनी प्रश्न गरिएको थियो । यसको मुख्य उद्देश्य कस्तो आर्थिक अवस्था भएका व्यक्तिहरूले कसुर गरी जेल पर्दा रहेछन् भनी विश्लेषण गर्नाका निमित्त अध्ययन गरिएको हो । अध्ययन पश्चात् प्राप्त तथ्याङ्क तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१३: घरमै उत्पादनबाट जिउन सक्ने समयावधिसम्बन्धी बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरबाट खानै नपुग्ने | १४ | ३१.०४ |
| १-४ महिनासम्म खान पुग्ने | २० | ४५.४ |
| ५-९ महिनासम्म खान पुग्ने | ७ | १५.९ |
| बचत हुन्छ | ३ | ६.९ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

तालिका ४.१३ लाई अध्ययन गरी हेर्दा १ महिना देखि ४ महिना सम्म पुग्ने ४० जना अर्थात् ४५.४ प्रतिशत सबैभन्दा बढी बन्दी देखिए भने त्यसै गरी ५-९ महिनासम्म खान पुग्ने ७ जना अर्थात् १५.९ प्रतिशत र घरबाट खानै नपुग्नेमा १४ जना अर्थात् ३१.०४ प्रतिशत रहेको पाइयो । त्यसैगरी बचत हुनेमा चाहिँ ३ जना अर्थात् ६.९ प्रतिशत रहेको पाइयो । यो तथ्याङ्कलाई संश्लेषणात्मक विश्लेषण गर्दा धेरैजसो गरीबीको अवस्थाबाट पिल्सिएका बन्दीहरुले कुनै न कुनै कसुर गरी जेलमा बसेको पाइयो ।

### ४.२.४ मासिक औसत आम्दानीको आधारमा

पारिवारिक आर्थिक अवस्थालाई चित्रण गर्ने अर्को महत्वपूर्ण औजार आजको पूँजिवादी युगमा आम्दानी पनि महत्वपूर्ण मानिन्छ । आम्दानीले पनि मानिसलाई असल वा गलत दिशा-निर्देश गर्न महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले जेल जीवन बिताइरहेका बन्दीहरूको मासिक

आम्दानी कस्तो रहेछ भनी बुझ्नका लागि प्रश्न गरिएको थियो । प्रश्नबाट आएका उत्तरका आधारमा देहायका तालिकाको सहायताले विश्लेषण गरिएको छ ।

**तालिका ४.१४: मासिक औसत आम्दानीको आधारमा बन्दीहरूको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५०० भन्दा कम | १० | २२.७ |
| ५०० देखि १००० सम्म | १५ | ३४.११ |
| १००० देखि ५००० सम्म | ८ | १८.२ |
| ५००० देखि १०००० सम्म | ५ | ११.४ |
| १०००० देखि २०००० सम्म | ५ | ११.४ |
| २०००० भन्दा माथि | १ | २.२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिकालाई अध्ययन गर्दा अधिकांश बन्दीहरुको औषत आम्दानी नेपालको प्रतिव्यक्ति आयभन्दा पनि निकै कम पाइयो । केही बन्दीहरुको मात्र आम्दानी राम्रो देखियो । जसअनुसार सबैभन्दा बढी अर्थात् ३४.११ प्रतिशत बन्दीहरु सबैभन्दा कम आम्दानीको रुपमा ५०० देखि १००० सम्म मासिक आम्दानी गर्ने बन्दीहरु देखिए । त्यसै गरी क्रमशः १००० देखि ५००० सम्म मासिक आम्दानी गर्ने बन्दीहरु ११.४ प्रतिशत रहेको पाइयो । त्यसैगरी ५००० देखि १०,००० सम्म आम्दानी गर्ने बन्दीहरु र १०,००० देखि २०००० सम्म मासिक आम्दानी गर्ने बन्दीहरु ११.४ प्रतिशत रहेको देखिन्छ । त्यस्तै अर्को २०००० भन्दा माथि मासिक आम्दानी गर्ने बन्दीहरु २.२ प्रतिशत मात्र भेटियो । ५०० भन्दा कम आम्दानी गर्ने बन्दीहरु पनि २२.७ प्रतिशत रहेको यस कारागारमा देखिन्छ । यसबाट पनि कारागारमा बसेका बन्दीहरुले कसुर गर्न उद्दत हुनका एउटा सहयोगी कारण आम्दानी समेत बन्न पुगेको विश्लेषण गर्न सकिन्छ ।

### ४.२.५ सवारी साधनको स्वामित्वको आधारमा

पारिवारिक आर्थिक अवस्थालाई चित्रण गर्ने अर्को महत्वपूर्ण औजार आजको विज्ञान र प्रविधिको समयमा सवारीको साधनलाई पनि लिइएको छ । तलको तालिकामा आफ्नै निजी स्वामित्व भएको सवारीसाधन र बन्दीहरूको अवस्थालाई अध्ययन गर्न प्रश्न गरिएको थियो । जसको तथ्याङ्क यस प्रकार रहेको छ ।

**तालिका ४.१५: सवारी साधनको स्वामित्वको आधारमा बन्दीहरूको विवरण**

| सवारी साधनको स्वामित्व | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| स्वामित्व छ | ८ | १८ |
| स्वामित्व छैन | ३६ | ८२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तथ्याङ्कको अधययन गरी विश्लेषण गर्दा आजको दुनियामा पहाडी भेगमा पनि गाउँ गाउँमा मोटर बाटो र निजी साधनको आवश्यकता महसुस भइरहेको बेला पनि कास्की जिल्ला कारागारका बन्दीहरुमा सबैभन्दा बढी ३६ जना अर्थात् ८२ प्रतिशतले सवारी साधनको स्वामित्व नभएको बताए त्यस्तै ८ जना अर्थात् १८ प्रतिशतले मात्र सवारी साधनको स्वामित्व भएको बताए । यसबाट बन्दीहरुको समयको परिवर्तित परिस्थितिलाई विश्लेषण गर्दा आर्थिक अवस्था नाजुक नै छ भनेर निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.६ पेसाको आधारमा बन्दीहरूको विवरण

वर्तमान जटिल समयको निर्माणसँगै व्यक्तिगत क्षमता, कलाअनुसारको कार्य विभाजन वा कार्यमा विशिष्टीकरण व्यापक रूपमा भएको छ । यही प्रक्रियाअनुसार मानिसहरू विभिन्न पेशा/व्यवसायमा संलग्न रहेका छन् । यसको अध्ययन गर्नका लागि कास्की जिल्ला कारागारमा बन्दीहरूको पेसा बुझ्न खोजिएको छ । उनीहरूको पेशाको अवस्था यस्तो पाइयो ।

**तालिका ४.१६: पेसाको आधारमा बन्दीहरूको विवरण**

| पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ७ | १६.० |
| विद्यार्थी | ७ | १६.० |
| जागिर | ५ | ११.३ |
| व्यापार | १० | २२.७ |
| अन्य | १५ | ३४.० |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

प्राप्त तथ्याङ्कअनुसार सबभन्दा बढी कृषि पेसामा संलग्न रहेको पाइयो । जसमा १५ जना अर्थात् ३४.० प्रतिशत व्यक्तिहरु संलग्न थिए । त्यसरी नै विद्यार्थी र कृषिमा संलग्न बन्दीहरु १६.० प्रतिशत रहेका थिए । त्यसैगरी जागिर गर्नेमा ५ जना अर्थात् ११.३ प्रतिशत र व्यापारमा संलग्न १० जना अर्थात् २२.७ प्रतिशत देखिन्छ । यस तालिकालाई हेर्दा सबैभन्दा धेरै बन्दीहरु अन्यमा १५ जना (३४.०प्रतिशत)संलग्न रहेको पाइयो र सबैभन्दा कम जागिरमा संलग्न भएको जम्मा ५ जना अर्थात् ११३ प्रतिशत पाइयो ।

## ४.२.७ सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण

बालबच्चा हुनु वा नहुनुले विभिन्न कार्य सम्पादन गर्न विशेष प्रभाव पारेको हुन्छ । बालबच्चाकै आधारमा समेत बन्दीहरूको परिवारको आर्थिक अवस्थालाई अध्ययन गर्न सहयोग पुग्ने हेतुले प्रश्नावली निर्माण गरिएको थियो । जसको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.१७: सन्तान भएका र नभएका आधारमा बन्दीहरूको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्तान भएका | २८ | ६३.६ |
| सन्तान नभएका | १६ | ३६.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यो तथ्याङ्कबाट बढी बालबच्चा भएका बन्दीहरु २८ जना अर्थात् ६३.६ प्रतिशत नै कारागारमा भेटिए भने थोरै मात्रामा १६ जना अर्थात् ३६.३ प्रतिशत बालबच्चा नभएका बन्दीहरु भेटिए । यसबाट हामीले कि गरीबको अवस्था र बालबच्चाको कारण, चेतना र साथीसङ्गतको असरबाट बन्दीहरु कुबाटोमा लागे भन्ने निष्कर्ष निकाल्न सकिन्छ । कास्की जिल्ला कारागारमा रहेका १६ जना सन्तान नभएका बन्दीहरुमध्ये प्राय: सबै अविवाहित नै भएकाले यस्तो हुन गएको हो ।

## ४.२.८ पढ्ने विद्यालयको किसिमका आधारमा बन्दीहरूको विवरण

वर्तमान नेपालको सन्दर्भमा निजी विद्यालयप्रतिको आकर्षण ह्वात्तै बढेको पाइन्छ भने सामुदायिक विद्यालयहरू सरकारी लगानी बढी भए पनि खस्कँदै गएको पाइन्छ । हुने खाने र आफूलाई इज्जतदार सम्झनेहरूले निजी विद्यालयहरूमा आफ्ना सन्ततिहरू पढाएको पाइन्छ । गरीब र सामान्य मानिसहरूको मात्रै सरकारी विद्यालयहरूमा विद्यार्थी पढाएका छन् । यो कारागारमा पनि यो विषयलाई अध्ययन गर्नका लागि प्रश्न सोधिएको थियो । जसको विवरण यस प्रकार रहेको छ ।

**तालिका ४.१८: सन्तान पढ्ने विद्यालयको किसिम**

| सन्तान पढ्ने विद्यालयको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामुदायिक | १० | २२.७ |
| निजी | ३४ | ७७.३ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यो तालिकालाई अध्ययन गर्दा सामुदायिक विद्यिालयमा सबैभन्दा कम १० जना बन्दीका सन्तानहरु अर्थात् २२.७ प्रतिशतले अध्ययन गरेको पाइयो । त्यसै गरी निजी विद्यालयमा पढ्ने ३४ जना अर्थात् ७७.३ प्रतिशत रहेको पाइयो । यस तथ्याङ्कले के देखाउँछ भने पढ्न सामुदायिक विद्यालय राम्रो भए पनि बढी मात्रामा निजी विद्यालयमा पढाउने चलन देखियो ।

# अध्याय - पाँच

# बन्दीहरूको जीवन पद्धति र कारागार व्यवस्थापन

यस अध्याय अन्तर्गत कास्की जिल्ला कारागारमा रहेका बन्दीहरूको कारागारबाट प्राप्त गर्ने सुविधा, बन्दीको दिनचर्या, समस्या समाधान, बन्दीहरूको स्वास्थ्य र उपचारसम्बन्धी जानकारी, बन्दी र घरपरिवार/इष्टमित्रको भेटघाटसम्बन्धी विवरण, बन्दी र कारागार प्रशासनबिचको अन्तरक्रिया, कारागारको समस्याबारे बन्दीहरूको धारणा, बन्दी जीवन पशतात् बन्दीहरूले गर्ने अनुमानित काम वा व्यवसाय, बन्दीहरूले घरमा हाल परिरहेको समस्या, बन्दी जीवन पश्चात् बन्दीहरूलाई पर्ने सम्भावित समस्या लगायतका विषयहरूको अध्ययन गरी बन्दी जीवन पद्धति र कारागार व्यवस्थापनलाई विश्लेषण गरिएको छ ।

## ५.१ बन्दीहरूको जीवन पद्धति

बन्दीहरू जेल जीवन बिताइरहेको अवस्थामा बाहिरी समाजमा जस्तै उनीहरू कारागारको बन्द समाजभित्र दैनिक दिनचर्या कसरी बिताइरहेका छन् ? सर्वसाधारण जनताको सरोकारको विषय हुने गर्दछ । उनीहरू कारागारमा कस्ता सोचाइहरू सोचिरहेका छन् ? के गरी दिनहरू बिताइरहेका छन् भनी उनीहरूको वास्तविक जीवन पद्धतिको अध्ययन गरी प्राप्त तथ्याङ्कहरूका आधारमा विश्लेषण गरिएको छ ।

### ५.१.१ कारागारमा रहनुको कारण

कास्की जिल्लाको कारागारमा रहेका बन्दीहरू के कति कारणबाट जेल जीवन व्यतित गरिरहेका छन् साथै उनीहरूको मुद्दा कुन प्रक्रियाका छन् साथै बन्दीहरू के कति प्रकारका छन् भनी विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका ५.१: बन्दीहरूको प्रकारको विवरण**

| बन्दीको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अदालतको फैसला अनुसार (कैदी) | १६ | ३६.४ |
| अदालतको धरौटी बुझाउन नसकेर | ३ | ६.८ |
| मुद्दा चल्दैछ | २५ | ५६.८ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिका तालिकाबाट हामी बन्दीहरुलाई थुनुवा र कैदी दुई प्रकारमा विभाजित गर्न सक्छौं । थुनुवा भन्नाले मुद्दा चलिरहेका वा अदालतले दोषी हो भनी फैसला नगरेका, कैदी भन्नाले मुद्दाको फैसला भइसकेर अदालतले तोकेको सजाय पुरा गर्ने र तोकेको धरौटी दाखिला गर्न नसकेर बन्दीका रुपमा रहेका माथिको तालिका ५.१ अनुसार ३६.४ प्रतिशत अदालतको फैसला अनुसार कैदी बसेको, ५६.८ प्रतिशत मुद्दा चलिरहेको र ६.८ प्रतिशत बन्दीहरुको मुद्दा चलिरहेको तर पूर्वपक्षका लागि थुनामा बसेको नभइ अदालतले तोकेको धरौटी दाखिला गर्न नसकेर बन्दीका रुपमा जीवन व्यतित गरिरहेका छन् । यसरी हेर्दा ३६.४ प्रतिशत कैदी, ५६.८ प्रतिशत थुनुवा र ६.८ प्रतिशत धरौटी बुझाउन नसकी बसेका बन्दीहरु हाल यस कारागारमा बन्दी जीवन व्यतित गरिरहेका छन् ।

## ५.१.२ बन्दीहरूले कसुर गर्नाको कारण

समाजमा हुने सामाजिक र असामाजिक सबै कार्यका पछाडि समाजका मूल्य, मान्यता, आदर्श लगायतले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । समाजका मूल्य मान्यताले व्यक्तिको सामाजीकरणमा व्यक्ति व्यक्तिबिचको सम्बन्धका साथै सहकार्यमा प्रभाव पारेको हुन्छ । यसरी सामाजिक मूल्य मान्यताले व्यक्तिको सामान्य अन्तरक्रियादेखि लिएर समग्र समाजको सांस्कृतिक संरचनामा अह्म भूमिका खेलेको हुन्छ । समाजका सदस्यहरूले के कस्ता उद्देश्यहरू पूर्ति गर्न कस्ता उपायहरू अपनाएका रहेछन् भन्ने कुरा सामाजिक परिस्थिति र अवस्थाले फरक पार्दछ । यस कुरालाई हेर्दा कुनै मानिसले त्यही उद्देश्य पूर्ति गर्न कुनै समाजमा एउटा माध्यमबाट अगाडि बढ्छ भने अर्को समाजमा अर्को माध्यमबाट अगाडि

बढेको पाइन्छ । यसरी समाजमा हुने असामाजिक र अनैतिक कार्य सामाजिक परिस्थिति र त्यस परिस्थितिलाई व्यक्तिले बुझिरहेको बुझाइ वा उसले लगाएको अर्थअनुसार गरिरहेको हुन्छ । अपराधिक कार्यहरू आज सबै समाजमा पाइए पनि अपराधको किसिम र प्रकृति भने फरक फरक पाइन्छ । उक्त कार्य गर्नका पछाडि कारण पनि फरक फरक हुन सक्छन् । यस अध्ययनमा बन्दीहरूले के कस्ता कारणबाट अपराध गरेका थिए भन्ने कुरा उल्लेख गर्न कसुर गर्नाको कारणबारे प्रश्न गरिएको थियो जसलाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.२: बन्दीहरूले कसुर गर्नाको कारण**

| **कारणहरू** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| साथीसङ्गत | २२ | ५० |
| पारिवारिक | ८ | १८.१ |
| मानसिक (आवेग) | १० | २२.८ |
| अनुत्तरित | ४ | ९.१ |
| **जम्मा** | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

समाजमा विभिन्न परिवेश तत्वका कारण मानिस विभिन्न प्रकृति र विसङ्गतिमा संलग्न रहेको पाइन्छ । माथिको तालिका ५.२ बाट पनि कास्की जिल्ला कारागारमा रहेका बन्दीहरुको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा सबैभन्दा बढी साथी सङ्गतको कारण ५० प्रतिशत, पारिवारिक कारण १८.१ प्रतिशत, मानसिक आवेग २२.८ प्रतिशत, के कारणले हो थाहै नपाइकन उत्तर दिन नसक्ने ९.१ प्रतिशत रहेको पाइयो ।

प्राप्त तथ्याङ्अनुसार समाजमा आफ्ना साथी साथीको लहैलहैले नसोचिकन व्यक्तिहरु अपराध गर्न उत्प्रेरित हुँदा रहेछन् भन्न सकिन्छ । जसमा सबैभन्दा बढी साथी सङ्गतकै कारणबाट अपराधमा संलग्न रहेको देखियो । यसैले समाजको अवस्थाले अपराधलाई प्रभाव पार्दो रहेछ ।

### ५.१.३ अदालतको निर्णयप्रति बन्दीहरूको धारणा

यस कारागारमा रहेका बन्दीहरूलाई अदालतले फैसला गरिसकेको वा पुर्पक्षमा बन्दी जीवन बिताइरहेका बन्दीहरूलाई अदालतको फैसलाप्रति उनीहरूको धारणा कस्तो छ उनीहरूले आफूले गरेको कसुरअनुसार सजाय तोकिएको वा पुर्पक्षमा राखिएको हो त्यसमा बन्दीहरूका धारणा के छ भनी प्रश्न गरिएको थियो । जसलाई तलको तालिकाबाट प्रष्ट पारिन्छ ।

**तालिका ५.३: अदालतको निर्णयप्रति बन्दीहरूका धारणा**

| बन्दीहरूका धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ३० | ६८.१ |
| नकारात्मक | १४ | ३१.९ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

कुल ४४ जना बन्दीहरुलाई सोधिएका प्रश्नमा ६८.१ प्रतिशत बन्दीहरुले फैसलाप्रति सकारात्मक धारणा राख्दछन् । माथिको तालिका नं. ५.३ अनुसार बहुसंख्यक कैदीहरुलाई आफूले गरेको कार्यप्रति पश्चाताप भएको र आफूले गरेको कुकार्यले आफूले कैदी जीवन व्यति तगर्नु परेको कुरालाई सकारात्मक र सहज रुपमा लिएको पाइयो भने ३१.९ प्रतिशत बन्दीहरुले आफूलाई फसाइएको र अदालतको निर्णयप्रति नकारात्मक धारणा राखेको देखियो । यसबाट के बुझ्न सकिन्छ भने केहीलाई कैदी तोकेको र केही पूर्पक्षकै लागि थुनिएको हुँदा यसलाई पनि सकारात्मक रुपले लिनु पर्दछ ।

### ५.१.४ बन्दीहरूले जेलमा समय बिताउने माध्यम

आफ्नो गल्तीको सजाय भोग्नुका साथै गल्तीको प्रायश्चित गर्नका लागि कारागारमा रहेका बन्दीहरू आफ्नो दैनिक जीवन कसरी बिताइ रहेका छन् । कारागारभित्र मुख्य के गर्दछन् वा उनीहरूको समय बिताउने माध्यम के छ ? भनी बुझ्ने क्रममा बन्दीहरूलाई प्रश्न गरिएको थियो जसको विवरण यस प्रकार रहेको छ ।

**तालिका ५.४: बन्दीहरूले जेलमा समय बिताउने माध्यम**

| समय बिताउने माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेलेर, सुतेर वा पढेर | २६ | ५९.२ |
| टेलिभिजन हेरेर | १८ | ४०.८ |
| जम्मा | | |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस कारागारमा कुल बन्दीहरुको २६ जना अर्थात् ५९.२ प्रतिशत बन्दीहरुलाई प्रायः दिनभर खेलेर वा सुतेर समय बिताउनु परिरहेको छ भने १८ जना अर्थात् ४०.८ प्रतिशत बन्दीहरु मात्र टेलिभिजन हेरेर समय बिताउने गरेको पाइयो । यसलाई सकारात्मक रुपमा माने पनि टेलिभिजन हेरेर, खेलेर, सुतेर, पढेर समय बिताउने सङ्ख्या एकिकृत गर्दा झन्डै ४१ प्रतिशत देखियो । यसबाट जनशक्ति त्यसै खेर गएको पाइन्छ । यिनीहरुलाई पनि आयमूलक कार्यमा लगाउन सकेमा राष्ट्रिय आयमा केही हदसम्म भए पनि बृद्धि हुन पुग्दछ । यसलाई सम्बन्धित पक्षले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## ५.१.५ बन्दी परिवार/नातेदारबिचको अन्तरक्रिया

आफ्नो घर परिवारभन्दा बाहिर बस्नु परेका बन्दीहरूलाई समय-समयमा परिवार र नातेदारहरू भेटघाट गर्न आउँछन् वा आउँदैनन् । घर बाहिर बस्नु परे पनि परिवार र नातेदारको परिधिभित्र रहेको महशुस गर्न पाएका छन् कि छैनन् ? परिवार र नातेदारले उसलाई कसरी हेर्दछन् साथै उसले घर परिवार र अन्य नातेदारलाई कसरी लिएको छ भनी विश्लेषण गर्न प्रयास गरिएको छ ।

**तालिका ५.५: बन्दीहरूको परिवार/नातेदारहरू बिचको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भेटघाट गर्न आउने | २४ | ५४.५ |
| भेटघाट गर्न नआउने | २० | ४५.५ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस कारागारमा ५४.५ प्रतिशत बन्दीहरुका परिवार बेला बेलामा भेट गर्न आउँदछन् भने ४५.५ प्रतिशतलाई भेट गर्न आउँदैनन् । यसरी हेर्दा कारागारका झन्डै आधि जति बन्दीहरुलाई आफ्ना परिवार र इष्टमित्र भए पनि नभएको जस्तो अनुभव भइरहेको छ । हाम्रो जस्तो समाजमा परिवार भेट्न नआउने, कारागारमा परेकालाई तिरस्कृत गर्ने र परिवार/नातेदार भेटघाट गर्न नआउँदा बन्दीको जीवनमा नकारात्मक प्रभाव परिरहेको हुन्छ । भेट गर्न आउने र नआउनेमा पनि अपराधको प्रकृतिअनुसार सामान्य अपराध गरेका बन्दीका सचेत परिवार वा नातेदार भेट गर्न आएको पाइयो भने समाजले सुन्नै नसक्ने खालका अपराध गरेका बन्दीहरुका परिवार वा नातेदार भेट्न नआएको पाइयो ।

### ५.१.६ बन्दीहरूलाई भेटघाट गर्न नआउनुका कारणहरू

यस कारागारमा रहेका ४५.५ प्रतिशत बन्दीहरूलाई उनका परिवार र नातेदारहरूले भेट गर्न आएका छैनन् । यसरी भेट गर्न नआउनुको कारणको बारेमा बन्दीहरूलाई सोधिएको थियो । जसको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका ५.६: भेट गर्न नआउनुका कारण सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अनैतिक काम गरेकाले | ८ | ४० |
| आफन्त नभएकाले | २ | १० |
| खर्चको अभावले | ३ | १५ |
| टाढा भएकाले | ४ | २० |
| आमाबाबु बूढाबुढी भएकाले | ३ | १५ |
| जम्मा | २० | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

कुल ४४ जना बन्दीहरुमा २४ जना बन्दीहरुलाई भेटघाट गर्न आइ रहने गर्दछन् भने २० जना बन्दीहरु जसलाई परिवार र नातेदारहरु भेटघाट गर्न नआएकोमा ४० प्रतिशत बन्दीहरु आफूले अनैतिक कार्यहरु गरेकोले आफूलाई भेटघाट गर्न नआएका हुन् भन्छन् भने टाढा भएका कारण आउन नसकेको जानकारी दिने २० प्रतिशत थिए । खर्चको अभाव र आमाबाबु नभएकोले भेट्न नआएको भन्नेहरु १५ प्रतिशत रहेको थियो । आफन्त नै नभएर

भेट्न नआएका बन्दीहरु २ जना अर्थात् १० प्रतिशत रहेको पाइयो । यसरी हेर्दा अनैतिक काम गरेका बन्दीहरुको आक्रोशले बढी सङ्ख्यामा बाबु आमा भेट्न नआएको पाइन्छ । यसबाट सकारात्मकभन्दा पनि नकारात्मक असर पर्ने भएकाले बन्दीहरुलाई नभेटी बस्नुभन्दा भेट्दै राम्रो हुने जानकारहरु बताउँछन् ।

### ५.१.७ बन्दीहरूको एकापसको व्यवहार

यस कारागारमा रहेका बन्दीहरूको सामाजिक व्यवहार कस्तो छ ? उनीहरूको एकापसको अन्तरक्रिया कस्तो छ, एकले अरु बन्दीको व्यवहारलाई कसरी लिएका छन् ? जहाँ उनीहरू समाज र परिवेशमा रहेका छन् । जसलाई बुझ्ने क्रममा उनीहरू बिचको एकापसको सम्बन्ध कस्तो छ भनी प्रश्न गरिएको थियो । प्रश्नहरूबाट आएको उत्तरका आधारमा तथ्याङ्क तल उल्लेख गरिएअनुसार देखिन्छ ।

**तालिका ५.७: बन्दीहरूको एकापसको व्यवहार**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ३० | ६८.२ |
| सामान्य | ४ | ९.१ |
| नराम्रो | ४ | ९.१ |
| अनुत्तरित | ६ | १३.७ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिका नं. ५.७ अनुसार बन्दीहरूले एकापसमा गर्ने व्यवहारलाई ६८.२ प्रतिशतले राम्रो भनेका छन् भने ९.१ प्रतिशतले उक्त व्यवहारलाई सामान्य मान्दछन् । त्यस्तै ९.१ प्रतिशत बन्दीहरू पनि नराम्रो मान्दछन् भने उत्तर नै दिन नचाहने बन्दीहरूको सङ्ख्या १३.७ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा एउटा समाजको रूपमा रहेको कारागारमा जहाँ प्राय: उनीहरू गल्तीको सजाय भुक्तान गर्न बसेका छन् भने केही गल्ती कार्यका कारण अनुसन्धानका लागि बसेका छन् । यसरी लगभग एउटै उद्देश्य पूर्तिका लागि रहेका भए पनि सबैको सबैप्रति समान व्यवहार भएको पाइएन । उनीहरू बिचमा समानता नपाइनुमा बन्दीहरू आ-आफ्नै वातावरणबाट आएको हुनाले साथै उनीहरूको व्यक्तिगत विचार आदि

फरक पर्नाले पनि उनीहरू बिचमा सुमधुर सम्बन्ध बन्न नसकेको हुन सक्छ । त्यस्तै पहिलेदेखि जेल जीवन बिताइरहेका र हालसालै आएकामा पनि यस्तो व्यवहार हुन सक्छ, तर समग्रमा हेर्दा ६८.२ प्रतिशत अर्थात् बहुमत बन्दीहरूले व्यवहार राम्रो हुने गरेको बताएका छन् । त्यस कारण बन्दीहरू बिचको सम्बन्ध राम्रो मान्न सकिन्छ । समग्रमा नराम्रो भन्ने मात्र ९.१ प्रतिशतलाई लिँदा आफूले सोचेअनुसारको नपाएकोले नराम्रो भन्न सक्छन् ।

### ५.१.८ कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा

कारागारमा रहेका बन्दीहरूको दैनिक जीवनमा आइ पर्ने समस्याका सम्बन्धमा कारागारका कर्मचारीहरू (समस्या समाधान गर्ने उत्तरदायित्व लिएर बसेका) ले समस्याप्रति कत्तिको ध्यान दिने गर्दछ भनेर बुझ्ने प्रयास यहाँ गरिएको छ । हाम्रो देशको आर्थिक वा सामाजिक स्थितिले पनि बन्दीहरूप्रति राष्ट्रको साथै कर्मचारीहरूको दृष्टिकोण फरक परेको कुरा अगाडि नै उल्लेख गरि अझै यहाँ समस्या समाधान गर्न सम्बन्धित निकाय सक्षम वा असक्षम जे भए पनि उनीहरूले बन्दीहरूको समस्याप्रति कत्तिको ध्यान राख्दछन् भन्ने विषयमा यहाँ विश्लेषण गरिएको छ ।

**तालिका ५.८ः कर्मचारीको व्यवहारप्रति बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुन्नु हुन्छ | ३० | ६८.२ |
| सुन्नु हुन्न | २ | ४.५ |
| भेट हुनै गाह्रो | १० | २२.८ |
| थाहा छैन | २ | ४.५ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तथ्याङ्कअनुसार ६८.२ प्रतिशत झण्डै दुई तिहाइ बन्दीहरूको भनाइमा उनीहरूको समस्या कारागारका कर्मचारीहरूले चासो राख्ने वा ध्यान दिएर सुन्ने गर्दछन् भने २२.८ प्रतिशत बन्दीहरू कर्मचारी मुख्यत? कारागार प्रमुख र प्रहरी प्रमुखलाई भेट हुन गाह्रो वा सजिलै भेट्न नसकिने बताउँछन् । ४.५ प्रतिशत बन्दीहरूले समस्यालाई ध्यान दिएर

सुन्दैनन् भन्ने बताउँदछन् भने त्यसै गरी ४.५ प्रतिशत बन्दीहरूले थाहै छैन भनेर भन्दछन् । यसो भन्नुमा भर्खर बन्दी जीवन बिताइरहेका बन्दीहरू हुनु पर्दछ । यसरी हेर्दा बन्दीहरूको समस्या पूर्ण रूपमा समाधान नभए पनि कर्मचारीहरूले उनीहरूको समस्याप्रति चासो राख्ने गरेको पाइन्छ । जसमा यसमा केही बन्दीहरू नकारात्मक उत्तर दिनुको पछाडि उनीहरूले राख्ने वा भन्ने गरेका समस्याहरूको प्रकृतिअनुसार उनीहरूले बढी ध्यान नदिएकाले पनि हुन सक्छ ।

### ५.१.९ बन्दीहरूको घर परिवारमा परेको समस्या

यस अध्यायमा सामान्यताः कसुर गरेका कारणले बन्दी जीवन बिताइ रहनु परेको अवस्थामा मुख्यतः घर परिवारमा के के समस्या परेका छन् भनेर बुझ्नको निमित्त प्रश्नावली गरेका थियौँ । तिनै प्रश्नहरूको उत्तरको आधारमा सङ्कलित भएको तथ्याङ्कको विश्लेषण तल गरिएको छ ।

**तालिका ५.९: बन्दीहरूको घर परिवारमा परेको समस्याको विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक | १५ | ३४ |
| सामाजिक | ४ | ९.२ |
| छोराछोरीको भविष्य बिग्रिएको | २५ | ५६.८ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिका नं. ५.१० अनुसार बन्दीहरूको घर परिवारमा परेको मुख्य समस्याको रूपमा आर्थिक समस्या रहेको छ । यसरी घर परिवारमा आर्थिक समस्या परेको छ भन्ने बन्दीहरूमा ३४ प्रतिशत रहेको छ । आफू बन्दीको रूपमा रहँदा छोराछोरीको भविष्य बिग्रिएको भन्नेमा ५६.८ प्रतिशत रहेका छन् । ९.२ प्रतिशत बन्दीहरू आफ्नो घरमा के कस्तो समस्या परिरहेको छ भन्ने कुरा थाहा नभएको बताउँछन् । हाम्रो समाजमा कसुर गरेर थुनिएको बन्दी र बन्दीका परिवारका सदस्यलाई सकारात्मक दृष्टिकोणले हेरिदैन । कतिपय बन्दीहरूको घरमा परेको सामाजिक समस्या परिवारका सदस्यहरूलाई अपराधको प्रकृतिअनुसारको नाम जोडेर उनीहरूलाई होच्याउने साथै सामाजिक कार्यहरूमा भेदभावको

दृष्टि राख्ने गरेको बताउँछन् भने घरमा आर्थिक उपार्जन गर्ने मानिस नभएकोले र भए पनि अरुको कमाइले मात्र घर धान्न मुस्किल परेको बताउँछन् । यस कारागारमा रहेका झण्डै आधाभन्दा बढी बन्दीहरूको घरमा आर्थिक समस्या मुख्य रूपमा रहेको छ । कतिपय बन्दीहरू घरको मुली मानिस भएको र घरमा श्रीमतीले घर व्यवहार चलाउनु परेको कारण छोराछोरीको उचित हेरविचार हुन सकेको छैन । छोराछोरी बिग्रने डर भएको एकातिर छ भने अर्कोतर्फ आफू धेरै समय बस्नुपर्ने घरमा श्रीमती बस्ने हो वा होइन । उनीहरू खास गरिकन बेठिक काम गरेकाले र परिपक्व नभएर घरको समस्या बुझ्न नसकेको हो भन्न सकिन्छ ।

### ५.१.१० कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति

अपराधको प्रकृतिअनुसार सजाय धेरै वा थोरै भए पनि सामान्य जीवन बिताइरहेको मानिस आफ्नो घर परिवार व्यवसाय छोडेर लगभग एकान्तमा बास बसेजस्तो जीवन जिउन बाध्य भएका बन्दीहरू कारागारबाट निस्केपछि के गर्नेछन् ? जहाँ एकातिर समाजले उनलाई सकारात्मक हिसाबले हेर्दैन भने अर्कोतर्फ उनीहरूको पहिलादेखि गर्दै आएको स्थापित व्यवसाय लथालिङ्ग भएको हुनसक्छ ? साथै धेरैको कारागारपछिको जीवनमा यस्तै अगाडि उल्लेख गरिए जस्तो समस्या एकातिर रहने भए पनि भविष्यमा (कारागार पश्चात्) आफूले के व्यवसाय गर्ने र कसरी जिन्दगी बिताउने भन्ने सन्दर्भमा सोधिएका केही प्रश्न र त्यहाँबाट निस्किएको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

**तालिका ५.१०: कारागार पश्चात् बन्दीहरूको जीवन पद्धति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरानो व्यवसाय गर्ने | १५ | ३४.१ |
| ज्याला मजदुरी गर्ने | ११ | २५ |
| खेतीपाती गर्ने | १० | २२.७ |
| यहाँ सिकेको सिप लागु गर्ने | ४ | ९.१ |
| हालसम्म नसोचेको | ४ | ९.१ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

बन्दीहरुको कारागार पश्चात्को सम्भावित जीवनयापन गर्ने माध्यमको सम्बन्धमा हेर्दा सबैभन्दा बढी अर्थात् ३४.१ प्रतिशत पुरानो व्यवसाय गर्ने सोच बनाएका छन् भने मात्र ९.१ प्रतिशत बन्दीहरुले यहाँ सिकेको सिप लागु गर्ने सोच बनाएका छन् । त्यस्तै खेतीपाती गर्ने सोचमा १० जना अर्थात् २२.७ प्रतिशत बन्दीहरु रहेका छन् भने हालसम्म नसोचेको भन्नेमा पनि ९.१ प्रतिशत रहेको छ । यस तालिकालाई अध्ययन गर्दा पुरानो व्यवसाय गर्ने तर्फ लाग्नेहरु बढी पाइन्छ भने कम मात्रामा यहाँ सिकेको सिप लागू गर्ने सोचमा रहेको पाइयो । यस तालिकाअनुसार ठाउँ र बन्दीहरुको वर्गीय अवस्थाको आधारमा पेसा व्यवसाय रोजेको देखिन्छ । नेपाल कृषि प्रधान देश भएको र घरमा केही जग्गा रहेको र त्यसैमा दुखजिलो गरिकन जीवन धान्ने भएकोले पनि खेतीपाती गर्ने सोचमा रहेका बन्दीहरु २२.७ प्रतिशत पाइयो । तर ९.१ प्रतिशतले कुनै पनि सोच नबनाएकोमा उनीहरु भर्खर कैद फैसला भएकोले त्यसप्रति नसोचेको हो भन्न सकिन्छ ।

### ५.१.११ बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्या

समाजले अवैध ठहऱ्याए सजाए पाएको वा यस्तो कार्यको आरोपमा अनुसन्धानमा रहेका बन्दीलाई बन्दी जीवन पश्चात् के कस्तो समस्या आइपर्ने हो वा उनीहरूलाई पछि के कस्तो समस्या आउनेछ भन्ने सोचेका छन् भनी बुझ्ने प्रयास यस शीर्षकमा गरिएको छ । हाल बन्दीहरूको घरमा परेको समस्या योभन्दा अगाडिको तालिकामा विश्लेषण गरिएको थियो भने यस तालिकामा पछि पर्न सक्ने समस्याको विश्लेषण गरिएको छ । समस्या र परिस्थितिले भिन्नै प्रकृतिका समस्याहरू पनि ल्याउन सक्दछ तर भोलिको परिस्थिति के कस्तो हुन्छ भन्ने कुरालाई एकातिर राखेर अहिले देखिएको परिस्थिति र वातावरणमा बसेर हेर्दा उनीहरूले भविष्यमा कस्तो समस्या भोग्नु पर्छ भन्ने तथ्य तल विश्लेषण गरिएको छ ।

**तालिका ५.११: बन्दीहरूले कारागार पश्चात् भोग्नु पर्ने समस्याहरू**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| समाजले हेला गर्ला भन्ने | १५ | ३४.१ |
| पारिवारिक समस्या | २४ | ५४.६ |
| उमेरको कारण कमाउन नसकिने | ५ | ११.३ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तालिकालाई अध्ययन गर्दा ३४.१ प्रतिशत बन्दीहरू भोलि समाजले आफूलाई सकारात्मक रूपमा नलिने हो कि, हेला गर्ने हो कि भन्ने आशङ्क व्यक्त गर्दछन् । यसरी भोलिको समाजमा कैदी वा बन्दी पनि असल नागरिकको रूपमा बस्न सक्छन् भन्ने मान्यताको विकास हुन सक्ला तर अहिलेको परिस्थिति र समाजले हेर्ने गरेको दृष्टिकोणका आधारमा बन्दीहरूको भविष्यमा पर्ने मुख्य समस्याको रूपमा समाजले हेला गर्ला भन्ने छ । दोस्रो समस्या पारिवारिक समस्या रहेको छ । पारिवारिक समस्या मुख्य समस्याको रूपमा आउला भन्नेहरू ५४.६ प्रतिशत छन् । यस्ता पारिवारिक समस्याहरूमा अविवाहितलाई विवाह गर्न समस्या पर्न सक्ने साथै विवाहितको पनि श्रीमती घरमा नबसिदिएमा वा नबस्ने सम्भावना भएकाहरू भोलि आफूलाई यहाँबाट निस्केपछि पर्ने मुख्य समस्याको रूपमा देखाउँछन् । यसबाट साना साना उमेरमा रहेका बच्चाबच्चीहरू बिचल्लीमा पर्ने चिन्ता व्यक्त गरे । यसै गरी हाल आफ्नो उमेर बढी नै भएको साथै पछि यहाँबाट निस्कँदा आफ्नो उमेरका कारण आयआर्जन गर्न नसकिने र आफूले नगरेसम्म खान नपुग्ने स्थिति भएकाहरूले कारागार पश्चात्को समस्याको रूपमा उमेरको कारण आयआर्जन गर्न नसकिने बताउँछन्, जसमा ११.३ प्रतिशत बन्दीहरू छन् । यो तथ्याङ्कलाई सारमा विश्लेषण गर्दा अधिकांश बन्दीहरूमा सकारात्मक सोच र कसुर गर्दा गल्ती गरेको महसुस गरेको पाइयो । जसले गर्दा भोलि अरु व्यक्तिहरूले कसुर गर्न नसक्ने स्थिति बन्ने धारणा पाइयो ।

### ५.१.१२ आफूहरूको जीवनशैली बारे बन्दीहरूको धारणा

मानिसहरूले कसुर गरिसकेपछि कसुरको जवाफ कसुर नभइ परिवर्तित समाजको राज्यमा कसुर गर्नेलाई सुधार्नु वा कानुनी भाषामा जेलमा राख्नु पर्ने बुझिन्छ । कारागार व्यवस्थापन पक्षको निगरानी, सहयोग र सुरक्षाले उनीहरूलाई प्रभाव पारेको हुन्छ । सो अवस्थाले बन्दीहरूको दिमागमा भावी जीवनबारे उथलपुथल भई विभिन्न विचार र भावना तरङ्गित हुन्छन् । उनीहरूको चिन्ताले जीवनशैलीलाई समेत निर्देशित गर्दछ । जसलाई बुझ्नका निम्ति बन्दीहरूसँग प्रश्न गरिएको थियो । जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.१२: आफूहरूको जीवनशैलीको बारेमा बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुधार छ | २७ | ६१.४ |
| उस्तै हो | ८ | १८.२ |
| झन् खस्कँदैछ | १ | २.२ |
| थाहा छैन | ८ | १८.२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिकालाई अध्ययन गरी विश्लेषण गर्ने क्रममा सबैभन्दा बढी अर्थात् ६१.४ प्रतिशत बन्दी जीवनशैली सुधारिएको छ भन्ने धारणा राख्दछन् । त्यसै गरी उस्तै हाल हो भन्नेमा १८.२ प्रतिशत बन्दीहरुको धारणा पाइयो । क्रमशः झन् खस्केको भन्नेमा २.२ र थाहा छैन भन्नेमा १८.२ प्रतिशत बन्दीहरु पाइयो । यसबाट समग्रमा के बुझ्न सकिन्छ भने केही बन्दीहरुलाई विविध पक्षले प्रभाव पारे पनि जेलमा बन्दीहरुको जीवनशैली सुधारिएको छ ।

## ५.२ कारागार व्यवस्थापन

बन्दीहरू कसुर गरिसकेपछि उनीहरूलाई सजाय स्वरूप जेलमा राख्ने विश्वभरि संवैधानिक मान्यता रहिआएको छ । उनीहरूलाई त्यहाँ राख्नुको मुख्य उद्देश्य सोचाइ परिवर्तन गरी सुयोग्य नागरिक बनाउनु पनि रहेको छ । यसका लागि सम्बन्धित पक्ष अर्थात् कारागार प्रशासनको पनि महत्वपूर्ण भूमिका रहेको हुनुपर्दछ । यहाँ कास्की जिल्ला कारागारमा रहेको व्यवस्थापकीय भूमिकाप्रति तलका शीर्षकहरूमा तालिका बनाइ विश्लेषण गरिएको छ ।

### ५.२.१ बन्दी र अपराधको प्रकृति

कास्की जिल्ला कारागारमा रहेका ४द्ध जना बन्दीहरूमध्ये कुन कुन अपराधमा संलग्न रहेका छन् भनी बुझ्नका लागि प्रश्न गरिएको थियो । यस शीर्षकको अध्ययनबाट एउटा समाजको रूपमा कारागारलाई तुलना गर्दा अझै पनि कुन अपराध तर्फ बन्दीहरूको ध्यान

जाँदो रहेछ भनी बुझ्नका लागि सहज वातावरण सिर्जना गर्दछ । प्राप्त तथ्याङ्कहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.१३: बन्दी र अपराधको प्रकृति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कर्तव्य ज्यान | २० | ४५.५ |
| जबर्जस्ती करणी | ३ | ६.६ |
| सैनिक ऐन | ५ | ११.५ |
| चोरी डकैती | ८ | १८.४ |
| लागु औषध | ६ | १३.२ |
| ज्यान उद्योग | १ | २.२ |
| बहु विवाह | १ | २.२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस तालिका ५.१५ लाई अध्ययन गर्दा सबैभन्दा बढी २० जना अर्थात ४५.५ प्रतिशत बन्दीहरु कर्तव्य ज्यानमा केन्द्रित भएको पाइयो । यसो हुनुको प्रमुख कारण आफ्नो सोचाइलाई सन्तुलित राख्न नसक्नु, आर्थिक अवस्था र कम चेतनाको पनि प्रभाव परेको हुनसक्छ । सै गरी जबर्जस्ती करणीमा ६.६ प्रतिशत, क्रमशः सैनिक ऐनमा ११.५ प्रतिशत, चोरी डकैतीमा १८.४ प्रतिशत, लागु औषतमा  १३.२ प्रतिशत र ज्यान उद्योग र बहु विवाहमा २.२ प्रतिशत रहेको पाइयो ।

## ५.२.२ बन्दीको सङ्ख्या र जेलको व्यवस्था सम्बन्धी धारणा

नेपालभरी विभिन्न पत्रपत्रिका र मानवअधिकारका पुस्तकहरूमा कारागारका बन्दी बस्ने कोठा र त्यहाँको भौतिक अवस्था राम्रो नभएको खबर बाहिर आएको पाइन्छ । जसलाई कास्की जिल्ला कारागारमा पनि बन्दीहरूको क्षमताअनुसार भौतिक व्यवस्था मिलाइएको छ कि छैन भनी प्रश्न गरिएको थियो । जसलाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ ।

**तालिका ५.१४: बन्दीको सङ्ख्या र जेलको अवस्था सम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क्षमता भन्दा बढी | ४३ | ९७.८ |
| क्षमता अनुसार | १ | २.२ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

नेपालका ७१ जिल्लामा रहेका ७३ कारागारमध्ये प्रायः जसोमा बन्दीको सङ्ख्या र कारागारको भौतिक व्यवस्थापनलाई मिलाइएको छैन । भौतिक कठिनाइलाई हटाउने भन्दा पनि बन्दीलाई भेडाबाखा झैँ गरी मिसमास, खाँदखुँद गरी राखिएको पाइन्छ । सो कुराको पुष्टि कास्की जिल्ला कारागारमा पनि भयो । जसमा कारागारको क्षमताभन्दा बढी राखिएको छ भन्ने तथ्याङ्क ४३ जना वा ९७.८ प्रतिशत बन्दीहरुबाट धारणा आयो । क्षमताअनुसार भन्नेमा जम्मा १ जना अर्थात् २.२ प्रतिशत पाइयो ।

## ५.२.३ शौचालय र स्नानगृह प्रतिको धारणा

यहाँका बन्दीहरूलाई सफा सुग्घर रहनका लागि अत्यन्त आवश्यक पर्ने शौचालय र स्नानगृहको अवस्था कस्तो रहेछ भनी बुझ्नका लागि बन्दीहरूसँग छलफल गरिएको थियो । जसलाई तलको तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका ५.१५: कारागारमा शौचालय र स्नानगृहप्रति बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| काम गरिरहेको छ | १५ | ३४ |
| राम्रो | ५ | ११.३ |
| नराम्रो | २४ | ५४.७ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

तालिका ५.१७ लाई हेर्दा सबैभन्दा धेरै शौचालय र स्नानगृह काम गरिरहेको छ भन्नेमा ३४ प्रतिशत रहेको पाइयो भने सबैभन्दा कम ५ जना अर्थात् ११.३ प्रतिशतले मात्र राम्रो छ

भन्ने धारणा व्यक्त गरेको पाइयो । त्यस्तै नराम्रो भन्नेमा २४ जना वा ५४.७ प्रतिशत रहेको पाइयो । मानवसभ्यता र स्वास्थ्यको दृष्टिकोण शौचालय र स्नानगृहको सही व्यवस्थाको नितान्त आवश्यक छ । यस कारागारमा रहेका बन्दीहरुको प्रत्यक्ष वा मत सङ्कलनमा धेरैले काम चलिरहेको कुरा जानकारी दिएका थिए । यस तथ्याङ्कअनुसार शौचालय र स्नानगृहको त्यति राम्रो व्यवस्था नभएको देखाउँछ । यसबाट सहज भन्न सकिन्छ कि शौचालय र स्नानगृहलाई सम्बन्धित पक्षले तत्काल ध्यान दिन जरुरी देखिन्छ ।

### ५.२.४ कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा

चेतनशील प्राणी मानिसको निरन्तर विकासको निम्ति ज्ञानको विकास र विस्तार जरुरी छ । वर्तमान समयमा ज्ञानको आधारभत समाजको जगको रूपमा प्रयोग रहेको पुस्तकालयको सही व्यवस्थापनको जरुरी देखिन्छ । जसको सहायताले अपराधमा लागेकालाई आफूले पश्चाताप गर्न र भावी दिनमा सामाजिक परिवर्तनको लागि र आफूमा सकारात्मक सोचको विकास गर्न पुस्तकालयले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सो कुरालाई सहयोग पुऱ्याउनका निम्ति हरेक कारागारमा पुस्तकालयको व्यवस्था गरिएको पाइन्छ र कास्की जिल्लामा कारागारमा व्यवस्थापन गरिएको पुस्तकालयप्रति बन्दीहरूको धारणा तलको प्रस्तुत गरिएको छ ।

**तालिका ५.१६: कारागारमा पुस्तकालयको व्यवस्थाप्रति बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| काम गरिरहेको छ | २३ | ५२.३ |
| राम्रो | १० | २२.७ |
| नराम्रो | ८ | १८.२ |
| थाहा छैन | ३ | ६.८ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यो तालिकामा सबैभन्दा बढी काम गरिरहेको छ भन्ने धारणा व्यक्त गरेको पाइयो जुन ५२.३ प्रतिशत देखिन्छ । यसै गरी सबैभन्दा कम थाहा छैन भन्नेमा ६.८ प्रतिशत रहेको पाइयो । जसको अर्थ हो, पढ्न नजान्ने वा पढाइप्रति चासो नराख्नेले यसो भनिएको हुन

सक्दछ । त्यसै गरी राम्रो भन्नेमा २२.७ प्रतिशत पाइयो भने नराम्रो भन्नेमा १८.२ प्रतिशत पाइयो । यसबाट परिवर्तित सन्दर्भमा बन्दीहरुलाई अध्ययनका लागि पुस्तकालयमा पुस्तकहरु पुगेका छैनन् र व्यवस्थापन राम्रो छैन भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.२.५ कारागारबाट प्राप्त सुविधाबारे बन्दीहरूको धारणा

गल्ती गर्नेहरूलाई गल्ती गरे वापत सजायका साथै गल्तीको प्रायश्चित गराउनका लागि बन्ने गरेका कारागारहरू त्यसको सामाजिक, भौतिक, वातावरण वा सुविधा के कति कस्तो हुने भन्ने कुरा राष्ट्रको क्षमता साथै उनीहरूप्रतिको दृष्टिकोणले फरक पार्ने गर्दछ । यसै विषयलाई विश्लेषण गर्ने क्रममा यस कास्की जिल्ला कारागारमा रहेका बन्दीहरूलाई दैनिक रु. ४५ र ७०० ग्राम चामल प्रदान गरिन्छ । साथै जाडोमा एकजोर र गर्मीमा एकजोर गरी वर्षको दुई जोर लुगा पनि दिने गरिन्छ । यसमध्ये बन्दीहरू मध्येबाट नै चुनिएको एक जना चौकीदार वा नाइकेलाई थप सुविधा प्रदान गरिएको हुन्छ । यसरी दैनिक गुजाराका लागि दिइने सिधा, पैसा र लुगाफाटोको अवस्थासम्बन्धी बन्दीहरूको धारणा तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका ५.१७: कारागारबाट प्राप्त सुविधासम्बन्धी बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निर्वाह हुन्छ | ३० | ६८.२ |
| पुग्दैन | १२ | २७.४ |
| पुग्छ | २ | ४.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस कारागारमा रहेका बन्दीहरूमध्ये २७.४प्रतिशतले कारागारबाट दिइएको सिधा सुविधाले दैनिक जीवनयापन गर्न नपुग्ने बताउँदछन् भने ४.४ प्रतिशतले यसबाट पुग्ने बताउँछन् । ६८.२ प्रतिशत बन्दीहरूले निर्वाह गरेर पुऱ्याउनुपर्ने धारणा राखे । यसरी हेर्दा तिन चौथाइ जति बन्दीहरू कारागारबाट दिइएको सिधा पैसाले नपुगे पनि जीवनयापन गरिरहेका छन् । यसतर्फ सरकारले खासै चासो राखेको देखिँदैन । हुन त खास गरी कारागारमा अहिले पैसाका रूपमा रु. ४५ प्रतिदिन, सिधाको रूपमा ७०० ग्राम चामल प्रतिदिन र दुई जोडा

जाडो र गर्मीयाममा लुगा दिने व्यवस्था छ । यसरी हेर्दा दैनिक चामल बाहेक सबै जुटाउन बाध्य छन् । बन्दीहरू जसलाई घरबाट केही सहयोग हुने गरेको छ उनीहरूलाई खासै समस्या नपरेको भए पनि धेरै बन्दीहरू यस्ता समस्याहरूको सामना गर्दै आफ्नो जीवन धानिरहेका छन् । यसरी उनीहरूलाई पैसाको अपर्याप्तता भए पनि सरकारले विशेष व्यवस्था गर्न सकेको अवस्था छैन । साथै अन्य संघ संस्थाले पनि यस कारागारमा सहयोग गर्ने गरेको पाइएन ।

## ५.२.६ सिधा सुविधाले नपुग्नेहरूले कसरी गुजारा चलाएका छन् भन्ने धारणा

कारागारमा रहेका कुल ४४ जना बन्दीहरूमध्ये ४० जना अर्थात् ९१ प्रतिशतले उक्त सिधा, पैसाले नपुग्ने बताएका छन् । यसरी नपुग्ने भन्नेहरूले कसरी गुजारा बताएका छन् वा वैकल्पिक स्रोत अरु केही छन् कि भनी प्रश्न गरिएको थियो ।

**तालिका ५.१८: सिधा पैसासम्बन्धी बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरबाट ल्याएर | १० | ८.८ |
| यही आय आर्जन गरेर | २२ | ६३.८ |
| नपुगे पनि निर्वाह गरेर | १२ | २७.४ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

माथिको तालिका नं. ५.२० अनुसार कुल सिधा पैसाले नपुग्ने भन्ने ४० जना बन्दीहरूमध्ये २७.४ प्रतिशत बन्दीहरू उक्त सिधा पैसाले नपुगे पनि दुःख सुख गरेर जीवन धानिरहेका बताउँछन् । ६३.८ प्रतिशत बन्दीहरूले कारागारभित्रै आयमूलक कार्यहरू गरेर आफूलाई आम्दानी गरेको बताए । त्यसै गरी ८.८प्रतिशत बन्दीहरूले घरबाट ल्याएर गुजारा चलाएको जानकारी दिए । यस कारागारमा रहेका बन्दीहरूलाई आयआर्जनमा लाग्ने सिपमूलक तालिमको व्यवस्था मोढा बन्ने बाहेक अरु केही भएको देखिदैन । कारागारमा बस्ने बन्दीहरूलाई सरकार वा अन्य गैर सरकारी संघ संस्थाहरूले विभिन्न सिपका तालिम चलाउन सके उनीहरूलाई त्यहाँ त्यसै बसेर दिन बिताउन परिरहेको अवस्थामा केही

आय/आर्जन गर्न सक्ने थिए । यसबाट उनीहरू आफ्ना अत्यावश्यक सामग्री खरिद गर्न सक्दथे । साथै बाहिरका बन्दीका परिवारलाई केही सहयोग गर्न सक्ने थिए ।

### ५.२.७ कारागारमा बन्दीलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा

कारागार भन्ने बित्तिकै आम मानिसको बुझाइमा कष्टकर हुन्छ । त्यहाँ बस्ने बन्दीहरूले ठुलो यातना भोग्नु पर्दछ भन्ने बुझाइ छ । यस अध्ययनको क्रममा कारागारमा रहेका बन्दीहरूलाई प्रहरी प्रशासन एवम् कर्मचारीहरूको तर्फबाट कुनै शारीरिक यातना दिइन्छ कि दिइँदैन भन्ने विषयलाई बुझ्नका लागि प्रश्न गरिएको थियो । जसलाई तालिकाद्वारा प्रष्ट पार्ने प्रयास गरिएको छ ।

**तालिका ५.१९: कारागारमा बन्दीहरूलाई दिइने शारीरिक यातनासम्बन्धी धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिइन्छ | २ | ४.५ |
| दिइँदैन | ४२ | ९५.५ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

मानिस प्राकृतिक रूपमा नै सचेत वा चेतनशील प्राणी भएकाले शारीरिक पक्षभन्दा मानसिक पक्षको भूमिका स्वभाविक रूपमा बढी हुन्छ । त्यसैले मानिसको रूपान्तरणको निम्ति मानसिक रूपान्तरण विधि र प्रविधिको प्रयोग गर्नु जरुरी मानिन्छ । यसै सन्दर्भमा बन्दीहरूलाई दिइने परम्परागत शारीरिक यातनाबारे प्रश्न सोधिएकोमा शारीरिक यातना दिइँदैनमा ९५.४ प्रतिशत र दिइन्छ ४.५ प्रतिशत बन्दीको सङ्ख्या पाइयो । समग्र अध्ययनबाट शारीरिक यातनाको अवस्था नरहेको पाइयो ।

### ५.२.८ बन्दीहरूको समस्या समाधानप्रतिको धारणा

समाजमा बस्ने सबै सदस्यहरूले समय-समयमा आउने समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्ने गरे जस्तै कास्की जिल्ला कारागारलाई पनि एउटा समाज मानेर त्यहाँभित्र रहेका बन्दीहरूले आफूले भोग्नु परेका समस्याहरूको समाधान कसरी गर्दछन् साथै कसरी

समस्या समाधान हुने गरेको छ भन्ने विषयलाई विश्लेषण गर्न उनीहरूलाई समस्या समाधानका उपायहरूको प्रश्न सोधिएको थियो । जसको विवरण तल उल्लेख गरिएको छ ।

**तालिका ५.२०: समस्या समाधान गर्ने तरिकासम्बन्धी विवरण**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रशासन समक्ष भनेर | १४ | ३१.९ |
| आफू आफू मिलेर | ३० | ६८.१ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

समस्या समाधान गर्ने क्रममा बन्दीहरू प्रशासन समक्ष भनेर र आफू आफू मिलेर गर्ने गरेको पाइयो । यसरी हेर्दा दुई तिहाइभन्दा बढी अर्थात् ३१.९ प्रतिशत बन्दीहरू आफूलाई परेको समस्या प्रशासन समक्ष जाहेर गरेर समाधान गर्ने गर्दछन् भने ६८.१ प्रतिशत बन्दीहरू आफू आफू मिलेर समाधान गर्ने गर्दछन् । यसरी हेर्दा एकै ठाउँमा दिनरात बस्ने गरे पनि सबै बन्दीहरू एकापसमा आफू आफू मिलेर समस्या समाधान गर्ने एकदम न्यून पाइयो । कारागार भन्दा बाहिरको हाम्रो समाजका सबै सदस्यहरू एकै हुन सक्दैनन् । साथै सबैले सबैको समस्या पीरमर्का बुझ्ने गरेको पाइँदैन । समाजभित्र पनि मानिसको छुट्टै छुट्टै समूह वा जालो हुने गरेको छ । यसरी यस कारागारमा पनि सबै बन्दीहरू एकापसमा नजिक रहेर एकअर्काको पीरमर्का बुझ्ने गरेको पाइएन । यसो हुनुको पछाडि उमेर, विचार आदिले प्रभाप पारेको हुन सक्दछ ।

## ५.२.९ बन्दीहरूको स्वास्थ्यसम्बन्धी विवरण

व्यक्तिगत स्वास्थ्य सरसफाइ सम्बन्धी जानकारी भएका र नभएका साथै वरिपरिको वातावरण स्वास्थ्यका लागि प्रतिकुल भए/नभएकाले पनि स्वस्थ हुने वा अवस्थ हुने गर्दछ । यसरी हेर्दा यो कास्की जिल्ला कारागार भौतिक रूपमा दयनीय अवस्थामा रहेको छ । जेलभित्र एकै ठाउँमा बन्दीहरू रहनुपर्ने अवस्था रहेको छ । यसरी बस्दा एक जनाको सरुवा रोग अन्यलाई सर्ने गरेको बन्दीहरू बताउँदछन् । शौचालयको अवस्था नाजुक रहेको, जेलभित्र जाडोमा कोठाहरूमा राम्रोसँग घाम नछिर्ने आदि जस्तो भौतिक वातावरण रहेकोले

यहाँका बन्दीहरू पटक पटक बिरामी हुने गरेको बन्दीहरू बताउँछन् । यसरी बिरामी पर्दा उनीहरूले प्रशासनले कस्तो दृष्टिकोणले हेरेको रहेछ भन्ने प्रश्न गरिएको थियो ।

**तालिका ५.२१: बन्दीहरू बिरामी पर्दा प्रशासनसम्बन्धी उनीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रशासनले ध्यान दिन्छ | ३५ | ७९.५ |
| प्रशासनले ठिकै ध्यान दिन्छ | ३ | ६.८ |
| प्रशासनले हेर्दैन | २ | ४.५ |
| थाहा छैन | ४ | ९.० |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

तालिका नं. ५.२३ अनुसार ७९.५ प्रतिशत बन्दीहरूको भनाइ बिरामी हुँदा प्रशासनले हेर्ने गरेको छ भने ४.५ प्रतिशत बन्दीहरूले बिरामी पर्दा प्रशासनले हेर्दैन भन्ने बन्दीहरूको भनाइमा कति पटक प्रशासनलाई भनियो तर यहाँ उपचार हुन नसक्ने कुरा बाहिर लान सकेको छैन भन्ने गरेका छन् । त्यसै गरी ठिकै ध्यान दिन्छ भन्नेमा ६.८ प्रतिशत छन् । थाहा छैन भन्नेमा ९.० प्रतिशत छन् । थाहा छैन भन्नेहरू भर्खर कारागारमा आएका र बिरामी नपरेकाले पनि यस्तो तथ्याङ्क आएको छ ।

## ५.२.१० कारागारका कर्मचारी र बन्दीहरू बिचको सम्बन्धसम्बन्धी धारणा

बन्दीहरूलाई हाम्रो समाजले हेर्ने दृष्टिकोण सकारात्मक हुन नसकेको तथ्य एकातिर छँदैछ । सामान्य जनताभन्दा केही माथिका मानिसहरू, जसले गल्ती हुनु भनेको मानवीय प्रवृत्ति हो, कहिलेकाहीँ चाहेर, नचाहेर गल्ती हुने गर्दछ सबै मानिसले सदैव गल्ती गर्दैन भन्ने बुझ्नसक्ने मानिसहरूले पनि बन्दीहरूलाई सदैव खराब मानिसको रूपमा लिने गरेको पाइन्छ । कर्मचारीले अरूप्रति गर्ने व्यवहारमा उसको सामाजिक सांस्कृतिक इतिहासको प्रभावले फरक पार्दछ । यसरी हेर्दा के भन्न सकिन्छ भने कुनै पनि व्यक्तिको हरेक कार्य उसमा रहेको ज्ञान र चेतनाले निर्धारण गर्दछ । तर यहाँ बन्दीहरूप्रति कर्मचारीले गर्ने व्यवहार कस्तो हुने भन्ने विषयमा एक पक्ष मात्र निर्धारक नभएर दुबै पक्षको भूमिका रहेको हुन्छ । कर्मचारीको व्यक्तित्व साथै कर्मचारीप्रति बन्दीहरूको धारणा दुबै कुराले उनहिरूको

व्यवहार र सम्बन्धमा प्रभाव पार्दछ । यिनै तथ्यहरूलाई उल्लेख गर्ने क्रममा यस कारागारका बन्दीहरूले कर्मचारीहरूसँग भएको सम्बन्धलाई कसरी लिएका छन् भन्ने विश्लेषण तलको तालिकामा गरिएको छ ।

**तालिका ५.२२: कारागारका कर्मचारी र बन्दीहरू बिचको सम्बन्ध सम्बन्धी धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | २१ | ४७.७ |
| ठीकै | २० | ४५.४ |
| नराम्रो | ३ | ६.९ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

बन्दी र कर्मचारीबिचको सम्बन्ध कस्तो छ भनी हेर्दा ४५.४ प्रतिशत बन्दीहरू यसलाई सामान्य किसिमको व्यवहार भन्दछन् भने ४७.७ प्रतिशत बन्दीहरू यसलाई राम्रो सम्बन्ध रहेको मान्दछन् । ६.९ प्रतिशत बन्दीहरू यसलाई नराम्रो मान्दछन् । यस आधारलाई मानेर हेर्ने हो भने ४५.४ प्रतिशत बन्दीहरू यस व्यवहारलाई सामान्य मानेका छन् भने मात्र ६.९ प्रतिशत बन्दीहरू नराम्रो मान्दछन् । यसो हुनुमा बन्दीहरूको कर्मचारीप्रतिको धारणा सकारात्मक नभएकोले पनि कर्मचारीहरूले उसप्रति नराम्रो व्यवहार गरेका हुन सक्दछन् ।

## ५.२.११ कारागारको व्यवस्थापन र समस्याबारेमा कारागारका बन्दीहरूको धारणा

नेपालका प्रायः कारागारहरू अर्कै प्रयोजनका लागि बनाइएका र पछि कारागारका रूपमा चलन वा प्रयोग गर्दै आएको पाइन्छ । भौतिक रूपमा कमजोर अवस्थामा रहेका नेपालका कारागारहरूमा क्षमताभन्दा बढी बन्दीहरू पनि राख्ने गरिएको पाइएको छ । यस्तै कारागारको रूपमा रहेको कास्की जिल्ला कारागार पनि २०४३ सालमा निर्माण गरिएको र हालसम्म पनि खासै मर्मत/सुधार नगरिएको अवस्थामा रहेको यसको भौतिक अवस्था सुधार गर्नुपर्ने देखिन्छ भने सामान्य सुविधाहरू जुन बन्दीहरूको क्षमता बृद्धि गर्ने सुविधाहरू

नरहेको अवस्था छ । यिनै तथ्यहरूलाई अध्ययन गर्न बन्दीहरूलाई कारागारको व्यवस्थापन र समस्याको बारेमा प्रश्न गरिएको थियो । जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२३: कारागार व्यवस्थापन र समस्याबारेमा बन्दीहरूको धारणा**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| भौतिक सुधार गर्नुपर्ने | २६ | ५९ |
| सिधा पैसामा बृद्धि गर्नुपर्ने | ११ | २५.० |
| पत्रपत्रिका र मनोरञ्जनका साधन बढाउनुपर्ने | ४ | ९.१ |
| कानुनी शिक्षा र आध्यात्मिक ज्ञान दिनुपर्ने | ३ | ६.९ |
| जम्मा | ४४ | १०० |

*स्रोत : क्षेत्रगत अध्ययन, २०७१*

यस कारागारमा रहेका समस्याहरूलाई हेर्दा मुख्य समस्याको रूपमा भौतिक समस्या रहेको छ । कुल बन्दीमा ५९ प्रतिशत बन्दीहरू कारागारको भौतिक सुविधा बृद्धि गर्नुपर्ने बताउँछन् । २५ प्रतिशत बन्दीहरू सिधा र पैसा बृद्धि गर्नुपर्नेमा दोस्रो ठुलो समस्याको रूपमा उठान गर्दछन् भने पत्रपत्रिका र मनोरञ्जनका साधन बढाउनुपर्ने भन्नेमा ९.१ प्रतिशत रहेको छन् । त्यसैगरी कानुनी शिक्षा र आध्यात्मिक ज्ञान दिनुपर्ने भन्नेमा ६.९ प्रतिशत रहेका छन् । भौतिक समस्या मुख्य हुनुमा यस अवलोकनबाट पनि प्रष्ट भएको छ भने यहाँ बन्दीहरू बस्ने जम्मा तिन वटा कोठाहरू मात्र छन् । तिन वटा कोठामा ४४ जना बन्दीहरू बसेका छन् । जहाँ २ जना महिला बन्दीहरू मात्र छन् । त्यहाँ महिलाहरूलाई मात्र एउटा कोठा छुट्याउँदा दुई वटा कोठा ४२ जना बन्दी खचाखच एकै ठाउँमा बस्नु परेको अवस्था र थपघट भैरहँदा ६० जनासम्म कोच्चिनु परेको समस्या समेत बन्दीहरूले सुनाए । २०४३ सालमा निर्माण गरिएको यो कारागारमा हालसम्म संरचनात्मक कुनै परिवर्तन गरिएको छैन । सामान्य मर्मत/सम्भार मात्र गरिएको पाइयो । वर्षामा ठुलो पानी आउँदा पानी चुहिने समस्या रहेको र हिउँदमा टिनको छाना भएको हुँदा शीत पर्ने समस्या देखियो । सँगै रहेको मेसमा खाना पकाउँदा धुँवा हुने समस्या पनि देखियो । सुत्ने बेलामा खुट्टाखुट्टा जोडिएर ४ वटा मात्र शौचालयहरूले बन्दीहरूको क्षमता धान्न नसकेको र बिहान उठ्दा लामो समयसम्म पालो कुर्नु पर्दा समस्या रहेको बन्दीहरूले बताए । स्नानगृहको व्यवस्था नभएका कारणले खुला रूपमा नुहाउनु पर्दा अत्यन्त अप्ठ्यारो महसुस भएको बन्दीहरूले

सुनाए । यसरी हेर्दा यो कारागारलाई बन्दीगृह नभनेर यातनागृह भने हुन्छ । अन्य बन्दीहरू यसको भौतिक सुधार गर्नु भनेको असामान्य ठानी तत्काल सुधार गर्दा सुधार हुने समस्यालाई जोड दिएको पाइयो ।

## ५.३ जानकार व्यक्तिहरूको दृष्टिमा बन्दीहरूको व्यवहार, बन्दीहरूलाई दिइने सुविधा र प्रशासनिक अवस्था

यस अध्ययनका क्रममा कारागारमा रहेका जानकार व्यक्तिहरू कार्यालय प्रमुख जेलर, प्रहरी प्रमुख, लेखापाल, मानवधिकारवादी पत्रकारहरूसँग प्रश्नावली पद्धति मार्फत् बन्दीहरूको व्यवहार र उनीहरूलाई प्रदान गरिएको सुविधाको साथै प्रशासनिक कमी कमजोरी र कठिनाइहरू के कस्तो छ भनी बुझिएको थियो । बन्दीको बारेमा जानकार व्यक्तिहरूको दृष्टिमा यहाँ रहेको परिस्थितिलाई छुट्टाछुट्टै हेर्दा कुन पक्षबाट यसलाई कसरी लिइएको छ भन्ने कुरा बुझ्न सकिन्छ । यसरी कारागारमा बन्दीहरूको एकापसको अन्तरक्रियाको साथै आफू र बन्दीहरूको बिचको अन्तरक्रियालाई उनीहरू सकारात्मक रूपमा लिएका छन् भने बन्दीहरूलाई दिइने सुविधाको हकमा कारागार ऐनले व्यवस्था गरेको सुविधा प्रदान गरिएको र बन्दीहरूमा सिपको अभावमा दिन त्यसै बिताउनु परेको साथै अन्य सिधा, पैसा मार्फत् उनीहरूले जीवन गुजार्न परेको समस्या बताउँदछन् । त्यस्तै अन्य मनोरञ्जनका साधन के कति र कस्ता उपलब्ध गराइएका छन् भन्ने सम्बन्धमा बन्दीहरू र जानकार व्यक्तिहरूमा कुनै तात्तिक फरक पाइएको छैन । कारागारको मुख्य समस्याको रूपमा जानकार व्यक्तिहरू पनि यसको भौतिक अवस्था नै बताउँछन् । यसरी हेर्दा कास्की जिल्ला कारागारको मुख्य समस्या भवनहरूको पुर्नव्यवस्थि तगर्नु, कारागारका बन्दीहरूका लागि कोठाहरू व्यवस्थित गर्दै नयाँ थप गर्नु, स्नानगृहहरू निर्माण गर्नुपर्ने, बन्दीको अनुपातमा शौचालय थप्नुपर्ने, यस्तो भौतिक अवस्था हुँदाहुँदै पनि क्षमताभन्दा बढी बन्दी राख्नु परेको उनीहरू बताउँछन् । दरबन्दी अनुसारको कर्मचारी पनि उपलब्ध नहुनु गरेको गुनासो जेलरले भने । उनीहरूको विचारमा यस कारागारलाई बन्दीगृह एउटा सुधारगृहको रूपमा विकास गर्नका लागि मुख्य रूपमा नयाँ भवन निर्माण गर्नुपर्ने जसको सम्बन्धित निकायमा माग समेत गरिसकिएको छ । सिपमूलक तालिमको व्यवस्था हुनुपर्ने, मनोरञ्जनका साधनहरू बृद्धि गरिनुपर्ने, औषधी उपचार गर्नका लागि पर्याप्त बजेट दिइनुपर्ने साथै बन्दीका बच्चाका लागि उचित शिक्षादीक्षाको व्यवसथा गर्नुपर्ने र मानसिकतामा प्रभाव नपर्ने खालको उचित स्याहार संभार गर्नुपर्ने प्रमुख रहेका छन् ।

# अध्याय - छ

# निष्कर्ष

## ६.१ अध्ययनको सारांश

कारागार मानव समाजको अत्यावश्यक एकाइ भएकाले यसको सुधार बन्दीहरूको अपराध नियन्त्रण, निषेध र सकारात्मक बाटोमा पहलकदमी गराउनका लागि बन्दीहरूलाई मानवीय व्यवहार गर्नुपर्ने, कारागारमा सोही अनुसारको भौतिक, सामाजिक, सांस्कृतिक वातावरण निर्माण गर्नुपर्ने हुन्छ । यिनै मानवीय संवेदनलाई केन्द्रमा राखी “कास्की जिल्ला कारागार र बन्दीहरूको सामाजिक, आर्थिक अवस्थाको अध्ययन” शीर्षक छनोट गरी अनुसन्धानको प्रक्रिया अगाडि बढाइएको यो शोधपत्रमा सामाजिक र आर्थिक पक्षको विश्लेषण गरिएको छ भने बन्दी जीवन पद्धति र कारागार व्यवस्थापन सम्बन्धी अध्ययन गरी विश्लेषण गरिएको छ ।

बन्दीहरूको अपराधप्रतिको दृष्टिकोण र समग्र कारागारको समाज बुझ्ने उद्देश्यका साथ गरिएको यो अनुसन्धान मानवीय संवेदनाको कोणबाट हेर्दा अत्यन्त आवश्यक, महत्व र औचित्यपूर्ण छ । अझ हालसम्म कारागारसम्बन्धी अध्ययन अनुसन्धान नभइरहेको अवस्थामा यो अध्ययनले आफैमा ऐतिहासिक र विशिष्ट भूमिका निर्वाह गर्ने छ । स्नातकोत्तर तहको उपाधि हासिल गर्नका लागि आठौँ पत्रको परिपूर्तिको सन्दर्भमा समय, जनशक्ति र आर्थिक अभावको कारणले सीमित गरिएको यस अध्ययन कास्की जिल्ला कारागारका ४४ बन्दीमा सीमित रहेर गरिए पनि नेपालभरिका प्रायः कारागारलाई सामान्यीकरण गर्न महत्वपूर्ण सहयोग गर्नेछ । अनुसन्धान प्रक्रियामा सघन विधिलाई आधार बनाइ अगाडि बढाइएको यस अध्ययन वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको छ । तथ्याङ्कको स्रोतमध्ये प्राथमिक स्रोतलाई बढी जोड दिइएको छ जसले गर्दा अनुसन्धान बढी यथार्थपरक र वैज्ञानिक रहोस् भनी सामग्री सङ्कलनका प्राथमिक स्रोतमा प्रश्नावली, अवलोकन र छलफल विधिको उपयोग गरिएको छ भने द्वितीय स्रोतहरुमा प्रकाशित र अप्रकाशित लेख, रचना र पुस्तकहरु समाविष्ट गरिएकोछ ।

प्रस्तुत शोधपत्रमा १ परिचय, २. पूर्व साहित्यको सिंहावलोकन, ३.अनुसन्धान विधि, ४. सामाजिक र आर्थिक अवस्थाको अध्ययन, ५. बन्दीहरुको जीवन पद्धति र कारागार व्यवस्थापन सम्बन्धी विश्लेषण र ६. सारांश, निष्कर्ष र सुझाव विभाजन गरिएका छ वटा अध्यायहरुलाई सारांशमा प्रस्तुत गरिएको छ ।

अध्याय एकको परिचय अन्तर्गतको शीर्षकमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, समस्याको निर्क्यौल, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, शब्दावलीको परिभाषा र अध्ययनको सीमाहरु राखिएको छ । यसैगरी अध्याय दुईको सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन अन्तर्गत सैद्धान्तिक पुनरावलोकन र सम्बन्धित पूर्व साहित्यको सिंहावलोकन दुई शीर्षकहरु समावेश गरिएको प्रस्तुत अध्यायमा दुई उपशीर्षक समेत समावेश गरिएको छ । जसमा अपराध र अपराधका सिद्धान्त रहेका छन् । अध्याय तिनको अनुसन्धान विधिमा यो शोधपत्रलाई छनोट गर्नुको औचित्य, कुन कुन विधिद्वारा शोधपत्र तयार गरिन्छ, यसका आधारहरु के के हुन् भनी देहायका विभिन्न औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्क स्रोत एवम् प्रकृति, नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिका ृउपशीर्षकहरुमा अन्तर्वार्ता, व्यक्तिगत अध्ययन पद्धति, तथ्याङ्क सङ्कलन विधिका उपशीर्षकहरुमा अन्तर्वार्ता, व्यक्तिगत अध्ययन पद्धति, प्रश्नावली पद्धति, अवलोकन पद्धति, छलफल विधिका साथै तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण समावेश गरिएको छ ।

अध्याय चारमा बन्दीहरुको सामाजिक र आर्थिक अवस्था बारेको शीर्षक अन्तर्गत बन्दीहरुको सामाजिक अवस्था र आर्थिक अवस्थालाई अनुसन्धान गरी पुष्टि हुने खालका उपशीर्षकहरु चयन गरिएको छ । ती उपशीर्षकहरुमा सम्बन्धित स्थलगत भ्रमण गरी प्रश्नावलीका आधारमा आएका तथ्यहरुलाई समावेश गरिएको छ । जस अन्तर्गत सामाजिक अवस्थालाई पुष्टि गर्नका लागि समावेश गरिएका उपशीर्षकहरुमा बन्दीको उमेर, शैक्षिक अवस्था वैवाहिक स्थिति, बन्दीहरुको विवाह गर्दाको उमेर, बन्दीहरुको धार्मिक स्थिति, लिङ्गको आधारमा बन्दीहरुको विवरण, स्थानगत विविधताको आधारमा बन्दीहरुको विवरण,ि पारिवारिक किमिसको आधारमा बन्दीहरुको विवरण यसैगरी आर्थिक उपशीर्षक अन्तर्गत बन्दीहरुको पारिवारिक भूस्वामित्व, जमिनको अवस्थाबाट बन्दीहरुलाई खान पुग्ने/नपुग्ने, खान पुग्नेलाई कति समय पुग्ने, सवारीको स्वामित्व, पेसाको आधारमा बन्दीहरुको पहिचान,

सन्तानको आधारमा बन्दीहरुको विश्लेषण, पढ्ने विद्यालयको किसिमका आधारमा बन्दीहरुको विवरण उल्लेख गरिएको छ ।

यसै गरी तथ्याङ्क प्रस्तुतीकरणको अन्तिम अध्याय अर्थात् अध्याय पाँचमा बन्दीहरुको जीवन पद्धति र कारागार व्यवस्थापन सम्बन्धी यस अध्यायमा खास गरिकन बन्दी जीवन पद्धति शीर्षक अन्तर्गतका उपशीर्षकहरुमा कारागारमा रहनुको कारण, बन्दीहरुले कसुर गर्नका कारण, अदालतको निर्णयप्रति बन्दीहरुको धारणा, जेलमा समय बिताउने माध्यम, बन्दीहरुको अपराधको प्रकृति, परिवार/नातेदार बिचको अन्तरक्रिया, परिवार/नातेदार भेट्न आउने समयावधि, परिवार बन्दीलाई भेट्न नआउनुको कारण, एकापसको व्यवहार, बन्दीहरु कसरी दिनचर्या बिताएका छन्, आफ्नो जीवनशैलीबारे बन्दीहरुको धारणा, अपराधी प्रवृत्ति र मानव समाजको सम्बन्ध, कारागार पश्चात् बन्दीहरुको जीवन पद्धति, घर परिवारमा परेको समस्या, कारागार पश्चात् भोग्नुपर्ने समस्याहरु रहेका छन् । यसैगरी कारागार व्यवस्थापन शीर्षक राखी प्रस्तुत शीर्षकलाई तथ्य सहित बुझ्नका लागि विभिन्न उपशीर्षकहरु समावेश गरिएको छ । यस अन्तर्गत बन्दी सङ्ख्या र जेलको अवस्था, बन्दीहरुको अपराधको प्रकृति, कारागारमा प्राप्त सुविधाबारे बन्दीहरुको धारणा, बन्दी सङ्ख्या र जेलको अवस्था, शौचालय र स्नानगृह प्रतिको धारणा, कारागारमा पुस्तकालय व्यवस्थाप्रतिको धारणा, सिधा सुविधाले नपुग्नेहरुले कसरी गुजारा चलाएका छन् भन्ने धारणा, समस्या समाधानप्रतिको धारणा, स्वास्थ्य सम्बन्धी विवरण, अपराधी प्रवृत्ति निराकरण र नियन्त्रणसम्बन्धी प्रशिक्षण, बन्दीका समस्यामा कर्मचारीप्रति उनीहरुको बुझाइ, कारागार कर्मचारी र बन्दीबिचको सम्बन्ध, कारागार व्यवस्थापन र समस्याबारे कारागारका बन्दीहरुको धारणा, कारागारमा बन्दीहरुलाई दिइने यातनासमबन्धी धारणा, जानकार व्यक्तिहरुको दृष्टिमा बन्दीहरुको व्यवहार, बन्दीहरुलाई दिइने सुविधा र प्रशासनिक अवस्था जसता महत्वपूर्ण विषयहरु राखिएको छ ।

यसै गरी प्रस्तुत गरिएका पाँचै वटा अध्यायलाई सार सङ्क्षेपमा उल्लेख गर्नका लागि यही अध्याय छ मा सारांश, निष्कर्ष र सुझावहरु उल्लेख गरी पहिलो सारांश भन्ने उपशीर्षकमा शोधपत्रको सार सङ्क्षेप प्रस्तुत गरिएको छ । दोस्रो निष्कर्ष उपशीर्षक अन्तर्गत शोधपत्र तयार गर्दा देखिएको निष्कर्षलाई उल्लेख गरिएको छ भने अन्तिम सुझाव भन्ने उपशीर्षकमा

यो शोधपत्र निर्माण पश्चात् कुन कुन क्षेत्रलाई सुझाव दिनुपर्ने हो, त्यसको अध्ययन गरी सुझावहरु प्रस्तुत गरिएको छ ।

## ६.२ मुख्य प्राप्तिहरु

आजको एक्काइसौँ शताब्दीमा आइपुग्दा समेत हाम्रो देश जनताको जनजीविकाको समस्या र शान्ति सुरक्षा कायम राख्न नै तल्लीन छ । देशमा सजाय स्वरुप र आरोपित कसुरको अनुसन्धानमा कारागारमा जीवन बिताइरहेका बन्दीहरुको सामाजिक, आर्थिक स्थितिको अध्ययन र जीवन पद्धति र कारागार व्यवस्थापनलाई मुख्य उद्देश्य राखी गरिएको अध्ययनको निष्कर्ष निम्नानुसार रहेका छन् ।

१. बन्दीहरु अन्य मुद्दामाभन्दा पनि लागूऔषध सम्बन्धी मुद्दामा परेकाहरु बढी छन् साथै कैदीको तुलनामा थुनुवाइको सङ्ख्या बढी रहेको छ ।

२. बन्दीहरु युवा अवस्थामा (१५-३४) अपराध गर्नेहरु बढी पाइएको छ । साथै बृद्ध अवस्थामा अपराध गर्ने बन्दीहरुको सङ्ख्या भने कम पाइएको छ ।

३. अविवाहितको तुलनामा विवाहितको सङ्ख्या बढी रहेको छ साथै अन्य कारणभन्दा साथी संगतको कारण अपराध गर्ने बन्दीहरु बढी पाइएको छ ।

४. धेरै बन्दीहरुको घरको वार्षिक आम्दानीले वर्षभरि खान नपुग्ने, केहीको जग्गा जमिन नभएको, भएको पनि ज्यादै न्यून भू-स्वामित्व भएको पाइएको छ ।

५. आर्थिक अवस्था धेरै कमजोर भए पनि आर्थिक कारणबाट हुने अपराधको सङ्ख्या भने कम पाइएको छ ।

६. कारागारबाट दिइने सुविधाले नपुग्नेहरु मध्ये केहीले त्यहीँ आयआर्जन गरेर र केहीले घरबाट मगाएर खर्च चलाएका छन् । आयमूलक सिप तालिमको व्यवस्था नभएकाले धेरै बन्दीहरु आफूलाई खर्च अभाव भए पनि त्यसै निर्वाह गरी दिन बिताउन बाध्य भएको पाइएको छ ।

७. परिवार इष्टमित्रको नकारात्मक दृष्टिकोणका कारण केही बन्दीहरु घरपरिवारसँगको भेटमा वञ्चित छन् ।

८. बन्दीहरुको बिचको सम्बन्ध राम्रो रहेको र कारागारका कर्मचारीबिचको सम्बन्धलाई सामान्य किसिमको मान्ने बन्दीहरु बढी पाइएको छ ।

९. बन्दीहरुको मुख्य मसस्याको रुपमा कारागारको भौतिक सुधार, नयाँ भवनको निर्माण, खानेपानी, शौचालय, स्नानगृह आदि रहेका छन् ।

१०. बन्दीहरु कारागारबाट छुटेपछि बढीले कृषि कार्य नै गर्नेमा जोड दिएका छन् बाँकी केहीले नयाँ व्यवसाय अपनाएर जीवनयापन गर्ने सङ्कल्प लिइएको पाइएको छ ।

११. बन्दीहरुको आफ्नो घरमा अनुपस्थितिको कारण मुख्य रुपमा आर्थिक समस परेको बताउँछन् ।

१२. हाम्रो समुदायका सदस्यहरुको बन्दीहरुप्रति हेर्ने दृष्टिकोण र धारणाले गर्दा समुदायप्रति बन्दीहरु बढी मात्रामा सशंकित छन् ।

## ६.३ सुझावहरु

अध्ययनबाट प्राप्त ज्ञानका आधारमा जिम्मेवार तथा जवाफदेही पक्षसँग सम्बन्धित रहने गरी सचेतनापूर्ण बुझाइ र कार्यान्वयनको पक्षमा जोड दिनका निम्ति हार्दिक अनुरोध गर्दै निम्न सुझावहरु प्रस्तुत गरिएको छ ।

१. कारागारको भौतिक अवस्था दयनीय देखिन्छ । त्यसकारण नयाँ भवन निर्माण जतिसक्दो चाँडो गर्नु आवश्यक छ ।

२. बन्दीहरुलाई सिधा र पैसा समयानुसार नपुग्ने देखिन्छ । सम्बन्धित निकायले ध्यान दिई बृद्धि गर्नतर्फ लाग्नुपर्ने देखिन्छ ।

३. मुद्दाको प्रकृति र उमेरअनुसार पनि बन्दीहरुलाई छुट्टाछुट्टै राख्नुपर्ने व्यवस्थ ागर्न उचित हुन्छ ।

४. देवानी र फौजदारी मुद्दाका बन्दीहरुलाई यथासम्भव छुट्टै राखिनुपर्दछ ।

५. रोगी बन्दीलाई पनि सकभर छुट्टै राख्ने व्यवस्था गर्नु पर्दछ ।

६. पूर्पक्षमा रहेका बन्दीहरुको मुद्दाको किनारा जतिसक्दो चाँडो गरिनुपर्दछ ।

७. नेपाल सरकार वा गैरसरकारी संस्थाले कारागारभित्र सिपमूलक तालिम दिई खेर गैरहेको श्रमलाई काममा ल्याई त्यहाँबाट उत्पादित वस्तुलाई बजारको व्यवस्था गरिनुपर्दछ ।

८. कारागारमा बन्दीहरुलाई मानसिक तथा शारीरिक सन्तुलन कायम राख्न खेलकुदका सामग्री बन्दीहरुलाई हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ ।

९. हाम्रो समाजले बन्दीहरुलाई हेर्ने दृष्टिकोण र व्यवहारमा परिवर्तन ल्याउनु पर्दछ ।

१०. भोलि कारागारबाट निस्किएपछि ऊ पनि असल नागरिक भएर जीवन बिताउन सक्छ भन्ने धारणाको विकास गरिनुपर्दछ ।

११. मानवीय संवेदनात्मक पक्षसँग सम्बन्धित प्रशिक्षण, छलफल जस्ता विभिन्न विधि र प्रविधिको माध्यमबाट बन्दीहरुको अपराधिक मानसिकताको रुपान्तरणका निम्ति विशेष जोड दिनुपर्ने देखिन्छ ।

१२. बन्दीहरुको सङ्ख्याका आधारमा भौतिक व्यवस्थापन विशेष गरी उपयुक्त बसाइ सुताइको व्यवस्था मिलाउनु पर्दछ ।

१३. गरीब कमजोर बन्दीहरुको खाना, स्वास्थ्य उपचार सेवामा विशेष ख्याल गर्नुपर्दछ ।

१४. परिवारका सदस्यहरु तथा आफन्तहरुले भेटका अवसरमा भविष्यप्रति आशावादी, उत्साहित हुने किसिमको व्यवहार गर्नु पर्दछ ।

१५. मानवअधिकारवादी सामाजिक संघ-संस्थाहरुले आफूले सञ्चालन गरेका कार्यक्रमको उपलब्धिबारे विशेष सचेत हुनुपर्दछ ।

# सन्दर्भग्रन्थ सूची (BIBLIOGRAPHY)

Adwani, N.H. (1978). *Prespective on Adult Crime and Crocection*. New Delhi, Abhinav Published.

Bhattachan, K. B. (2041). *Nepal Women in Prison*, Kirtipur: CNAS.

Durkheim, E. (1959). *The rules of the sociological Mathod*, Illinois: Glencoe.

Eysenck, H.J. (1970). *Crime and Personality*, London: Granada Press.

Feierabend (1972). *Anger Voilence and Polities*. New Jersey: Prentice-Hall, Inc. Englewood Cliff.

Goddard, H.H. (1914). *Feeble Mindedness and the Casuses of Crime*, the Macmillan Co.

Greenberg, D.F. (1995). *Age Crime and Social Explandation*. American Journal of Sciology Vol. 91 No.1, New York University.

Hoffeman, Butomonte (1973). *The nature of Female Criminality*. Issues in Criminalogy. Vol. 8 Fall.

Kenny, C. S. (1966). *Outlines of Criminal Law*. Tripathi, Bombay.

Klein, D. (1973). *The Etiology of Female Crime a Review of Literature*, Issues in Criminology.

Lombroso, C. and Ferrero, W. (1899). *The female offender*. 288, 85 New York: D. Appleton.

Parsons, T.(1954). *Family Structure and the Socialization of the Child*. The Free Process f Glencoe.

Sutherland, E.H. & C.D. (1960). *Principle of Criminology*. 7th J.P. Lipincott: Philadelphia.

Thomas, W.I. (1967). *The Unad Justed Girl*. New York: Harper and Row.

Wolfgang, M.E. & J.N. (1970). *The Sociology of Crime & Delinquency*. New York.

अनौपचारिक क्षेत्र सेवा केन्द्र *“जेल र बन्दीहरु”* मानवअधिकार वर्ष पुस्तक (१९९५) काठमाडौं : इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *“जेल र बन्दीहरु”* मानवअधिकार वर्ष पुस्तक (१९९७) काठमाडौं : इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *“जेल र बन्दीहरु”* मानवअधिकार वर्ष पुस्तक (२०१०) काठमाडौं : इन्सेक ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र *“जेल र बन्दीहरु”* मानवअधिकार वर्ष पुस्तक (२०११) काठमाडौं : इन्सेक ।

आचार्य, माधवप्रसाद, (२०५१), *अपराधशास्त्र,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

कान्तिपुर दैनिक, (२९ मंसिर २०५५)

कारागार व्यवस्थापन विभाग (२०५३), *कारागार व्यवस्थापन कार्यविधि निर्देशिका,* काठमाडौंः गृह मन्त्रालय ।

कारागार व्यवस्थापन विभाग (२०६१), *कारागार व्यवस्थापन कार्यविधि निर्देशिका,* काठमाडौंः गृह मन्त्रालय ।

गुरागाइँ, गोपाल, कारागारभित्र कारागार (२०५४), *अनौपचारिक क्षेत्र सेवा केन्द्र,* काठमाडौं : इन्सेक ।

नेपाल महिला सङ्गठन, महिला न्यायिक सेवा परियोजना (२०४६), *कारागारमा जवान कैदीहरु,* काठमाडौंः नेपाल ।

नौलो घुम्ती, नेपाल शिक्षामूलक *‘सन्देश पुस्तिका’* (वि.सं. २०६६) ।

प्याकुरेल, सुशील, (२०५४), *कारागार भित्रको कारागार,* काठमाडौं : इन्सेक ।

प्रधानाङ्ग, रन्जित भक्त (२०५०), *नेपाली फौजदारी कानुनको सामान्य परिचय* ।

अघेल डा. डी .एस., अपराध शास्त्र (सन् १९८६) ।

भण्डारी, डिल्लीराम (२०४७), कारागार सुधार समिति (२०४७) को अन्तिम प्रतिवेदन ।

माथेमा, सत्यभामा (२०५०), *कैदीहरुले पाउने चौखण्डी कृपा हो कि अधिकार ?* पाम बुलेटिन । बन्दी सहायता नियोग, काठमाडौं : वर्ष ९ अंक १-२ पाम ।

श्रेष्ठ, अनिल कुमार (२०५६), *दोलखा जिल्ला कारागारको समाजशास्त्रीय अध्ययन,* समाजशास्त्र, मानवशास्त्र विभाग त्रि.वि.वि. ।

**संविधान, ऐन र नियमहरु**

- *कारागार ऐन,* २०१९
- *नेपाल अधिराज्यको संविधान,* २०४७
- *मुलुकी ऐन,* २०२०
- *मुलुकी ऐन,* १९१०
- *सार्वजनिक सुरक्षा ऐन,* २०१८
- *सैनिक ऐन,* २०१६

**पत्रपत्रिकाहरु**

- कान्तिपुरदैनिक, मंसिर २९, २०५५
- हिमालय टाइम्स दैनिक, वैशाख २३, २०५४
- आजको समाचारपत्र दैनिक, माघ ९, २०५५
- आजको समाचारपत्र दैनिक, मंसिर २०, २०५५
- देशान्तर साप्ताहिक, पौष ९, २०५५
- सगरमाथा दैनिक, भाद्र २१, २०५३

# अनुसूची १

## कास्की जिल्ला कारागारका बन्दीहरुको सामाजिक प्रक्रिया अध्ययनका लागि बन्दीहरुलाई सोधिएका प्रश्नवली

उत्तरदाताको नाम थरः ..........................

ठेगाना : ..................

१. लिङ्ग (क) पुरुष (ख) महिला

२. तपाईको उमेर कति हो ?

३. वैवाहिक स्थिति ........

(क) अविवाहित (ख) विवाहित

(ग) विधुर/विधवा (घ) सम्बन्ध विच्छेद

४. तपाईको शैक्षिक के हो ?

(क) साक्षर (ख) निरक्षर

५. तपाईले कुन तहसम्म पास गर्नुभयो ?

(क) साधारण लेखपढ (ख) प्रा.वि.

(ग) नि.मा.वि. (घ) मा.वि. (ङ) उ.मा.वि. (च) उच्च

६. तपाई कति वर्षमा विवाह गर्नुभयो ?

उत्तर : ..............................

७. तपाईले कुन धर्म मान्नुहुन्छ ?

(क) हिन्दु (ख)बौद्ध (ग) क्रिश्चियन

(घ) इस्लाम (ङ) अन्य

८. तपाईको जात कुन हो ?

उत्तर : .........................

९. तपाईको जग्गा कति छ ?

(ख) खेत .............. रोपनी

(ख) बारी .................. रोपनी

(ग) अन्य ................

१०. तपाईको उब्जनीले कति समयसम्म खान पुग्छ ?

(क) पुग्छ (ख) पुग्दैन

११. तपाई कुन अपराधमा जेल पर्नुभएको हो ?

(क) ज्यान सम्बन्धी (ख) चोरी सम्बन्धी

(ग) लागु औषध (घ) जबर्जस्ती करणी (ङ) अन्य

१२. तपाई यहाँ रहनुका कारण के हो ?

(क) अदालतको फैसला अनुसार (ग) मुद्दा चल्दैछ

(ख) अदालतको धरौटी बुझाउन नसकेर

१३. तपाईको पेसा के हो ?

(क) जागिर (ख) कृषि (ग) व्यापार (घ) अन्य

१४. तपाईको औषत मासिक आम्दानी कति थियो ?

(क) ५०० भन्दा कम (ख) ५००-१००० सम्म

(ग) १०००-५००० सम्म (घ) ५००० भन्दा माथि

१५. तपाईको परिवार कुन किसिमको छ ?

(क) एकल (ख) संयुक्त (ग) अन्य

१६. सवारी साधन छ कि छैन ?

(क) छ (ख) छैन

१७. छोराछोरीको अवस्था के छ ?

(क) छन् (ख) छैनन्

१८. तपाईका छोराछोरी कुन किसिमका विद्यालयमा अध्ययन गर्दै छन् ?

(क) सामुदायिक (ख) निजी

१९. अदालतले तपाईलाई गरेको निर्णयप्रति तपाईको विचार के छ ?

उत्तर : ..............................

२०. तपाईले कसुर गर्दा कति वर्षको हुनुहुन्थ्यो ?

उत्तर : ..........................

२१. तपाईले मुद्दामा वकिल राख्नुभएको छ ?

(क) छ (ख) छैन

२२. तपाईले जेलबाट दिएको सिधा पैसाले पुग्छ वा पुग्दैन ?

(क) पुग्छ (ख) पुग्दैन

२३. यदि पुग्दैन भने कसरी प्रबन्ध गर्नुहुन्छ ?

(क) घरबाट ल्याएर (ख) आयआर्जन गरेर

(ग) निर्वाह गरेर (घ) अन्य

२४. यहाँ के गरेर समय कसरी बिताउनु हुन्छ ?

(क) खेलेर, सुतेर, पढेर (ख) आयमूलक काम गरेर

(ग) टेलिभिजन हेरेर (घ) अन्य

२५. तपाई बिरामी परेको अवस्थामा उपचार हुन्छ ?

(क) हुन्छ (ख) हुँदैन

२६. के तपाई परिवार र इष्टमित्रसँग भेट हुन्छ ?

उत्तर : ....................

२७. तपाई जेल पर्दा परिवारले भोग्नु परेको समस्या के हो ?

उत्तर : .......................

२८. तपाई कारागारबाट छुटेपछि के गर्नुहुन्छ ?

उत्तरः ........................

२९. तपाई यो अवस्थामा किन पर्नुभयो ?

(क) परिवार सदस्य (ख) साथीसङ्गत (ग) अन्य

३०. लाइब्रेरीको व्यवस्था कस्तो छ ?

उत्तर : ................................

३१. सबैभन्दा बढी समय के मा बिताउनुहुन्छ ?

उत्तर : ................................

३२. कारागारमा शौचाय र स्नानगृहको अवस्था कस्तो छ ?

उत्तर : ................................

३३. तपाईलाई यहाँ शारीरिक यातना दिन्छ वा दिदैन ?

(क) दिन्छ (ख) दिदैन

३४. तपाईको जीवनशैलीको बारेमा केही भन्नु छ ?

(क) सुधार भएको छ (ख) उस्तै हो (ग) झन् खस्किदो छ

३५. तपाईले गरेको अपराधप्रति तपाईको कुनै पश्चताप छैन ?

(क) छ (ख) छैन (ग) अनुत्तरित

३६. अपराधी प्रवृत्ति र मानव समाज बिचको सम्बन्ध कस्तो हुन्छ ?

(क) अस्तव्यस्त हुन्छ (ख) ठिकै हुन्छ (ग) अनुत्तरित

३७. मनोरञ्जनका साधन एवम् व्यवस्था कस्तो छ ?

(क) राम्रो (ख) नराम्रो (ग) मध्यम (घ) अन्य

३८. सफा, सुग्घर, खाना, नुहाई, धुवाइको अवस्था कस्तो छ ?

(क) राम्रो (ख) नराम्रो (ग) अन्य

३९. तपाईको परिवार र इष्टमित्र कति कति समयमा भेट्न आउँछन् ?

उत्तर : .....................................

४०. तपाई कुन मितिमा जेल पर्नुभएको हो ?

उत्तर : .....................................